# मण्डली



The Church
CL440
NePal

The Church

# ख्रीष्टिय एकलेसिया (चर्च)

लेखकः डोनाल्ड डिन स्मीटन

अनुवादकः बाल कृष्ण शर्मा

प्रकाशक

**आई. सी. आई.**
पोष्ट बक्स नं. ४२४५
काठमाडौं, नेपाल।

© १९९४ सर्वाधिकार सुरक्षित
ईन्टरनेशनल करेस्पोण्डेन्स इन्ष्टिच्यूट
काठमाडौं, नेपाल।

प्रतिः ५०००

**मुद्रकः गोस्पल प्रिन्टिङ्ग वर्क्स, काठमाडौं**

# विषय सूची


| पाठ | | पृष्ठ |
|---|---|---|
| | आउनुहोस् सबैभन्दा पहिले कुराकानी गरौं | ६ |
| १. | एकलेसिया (चर्च) को निम्ति परमेश्वरको योजना | ८ |
| २. | एकलेसियाको इतिहास | २२ |
| ३. | एकलेसियाको निम्ति परमेश्वरको योजना | ४० |
| ४. | एकलेसियाको एक अङ्ग म कसरी बन्नसक्छु | ५२ |
| ५. | एकलेसिया कसरी शरीरजस्तै छ | ६६ |
| ६. | एकलेसियाले आफैको निम्ति के गर्छ | ७८ |
| ७. | एकलेसियाले संसारको निम्ति के गर्छ | ९० |
| ८. | एकलेसियाले परमेश्वरको निम्ति के गर्छ | १०२ |

# आउनुहोस्, सबैभन्दा पहिले कुराकानी गरौं

**तपाईंको अध्ययन सहायक लेखकबाट दुई शब्द**

एकलेसिया (मण्डली) कहाँबाट आयो, यो कसरी शुरू भयो, र भविष्यमा यसलाई के हुन्छ? भन्ने खालका प्रश्नहरूद्वारा के तपाईं कहिल्यै अचम्भित हुनुभएको छ? यदि तपाईंले यस पुस्तकको पाठहरूका शीर्षकहरूलाई पढ्नु हुँदा यो देख्नुहुन्छ कि तिनीहरूले एकलेसियाको बारेका महत्वपूर्ण प्रश्नहरूको उत्तर दिन्छन्।

यी प्रश्नहरूका उत्तरहरू पाउनको निम्ति अध्ययन गर्नलाई म तपाईंलाई सहायता गर्न चाहन्छु। तपाईंले मलाई भेट्नुभएको छैन, तर म तपाईंको मित्र र तपाईंको शिक्षक हुन चाहन्छु। बाइबलले एकलेसियाको बारेमा बताएको कुरा एकैसाथ अध्ययन गर्दा, एकलेसियामा हाम्रो स्थान के हो भन्ने विषयमा हामीले अझै स्पष्टसँग बुझ्नसक्छौं। एकलेसियाको बारेमा मानिसहरूमा भिन्नाभिन्नै विचारहरू छन्। यी विचारहरूमध्ये कुनै कुनै सत्य छन्, तर अरूहरू भने गलती छन्। बाइबलले तिनीहरूका बारेमा के भन्छ सो कुरा हामी हेर्नेछौं।

यस पुस्तकले तपाईंलाई एकलेसियाको बारेमा मात्र बताउँदैन, तर तपाईंले सिक्नुभएको कुरालाई व्यवहारमा लगाउँदा, तपाईं

कसरी ख्रीष्ट र ख्रीष्टको एकलेसियाको निम्ति उपयोगी हुनसक्नुहुन्छ सो कुरा जान्न पनि यसले तपाईंलाई सहायता गर्छ। आफैले आफैलाई सिकाउने आधुनिक शिक्षण प्रणालीले तपाईंलाई सजिलैसँग सिद्धान्तहरू सिक्न र तुरून्तै व्यवहारमा लगाउन सहायता पुऱ्याउँछ। तपाईंले अध्ययन गर्दै जानुहुँदा पवित्र आत्मा तपाईंसँग बोल्नुभएको होस्।

## तपाईंको अध्ययन सहायक

***ख्रीष्टिय एकलेसिया (चर्च)*** भनिने यो पुस्तक पाकेट साइजको भएको हुनाले तपाईं जता जानुहुँदा पनि यसलाई साथमा लगेर फुर्सतको समयमा अध्ययन गर्नसक्नुहुन्छ। यसलाई अध्ययन गर्नको निम्ति हरेक दिन केही समय छुट्याउनुहोस्।

प्रत्येक पाठका शुरूका दुई पृष्ठहरूलाई बडो होशियारीसाथ अध्ययन गर्नुहोस्। यसले आउने कुराहरूको निम्ति तपाईंको मनलाई तयारी पार्छ। त्यसपछि पाठलाई खण्ड खण्ड गरी अध्ययन गर्नुहोस र "*तपाईंको अभ्यासको निम्ति* भनी राखिएको शीर्षकका निर्देशनहरूलाई पालन गर्नुहोस्। यदि तपाईंको अध्ययन सहायक पुस्तिकामा अध्ययन प्रश्नहरूका उत्तरहरू लेख्ने पर्याप्त ठाउँ छैन भने तिनीहरूलाई आफ्नो अभ्यास पुस्तिकामा लेख्नुहोस् र यसरी पछि पाठलाई दोहोऱ्याउँदा तपाईं यसलाई हेर्नसक्नुहुन्छ।

यदि तपाईंले यस पाठ्यक्रमलाई समूहमा मिलेर अध्ययन गर्नुभएको छ भने, तपाईंको समूहका अगुवाको निर्देशन पालन गर्नुहोस्।

## तपाईंको विद्यार्थी प्रतिवेदन

यदि तपाईंले प्रमाण-पत्र प्राप्त गर्नको निम्ति अध्ययन गरिरहनुभएको छ भने, तपाईंले "*विद्यार्थी प्रतिवेदन प्रश्न पुस्तिकाः*

***ख्रीष्टिय एकलेसिया (चर्च)***" भनिने छुट्टै पुस्तिका पाउनुभएको होला। यस पुस्तिकामा दुई खण्डहरू छन्। प्रत्येक खण्डलाई कहिले भर्नुपर्छ भनी तपाईंको अध्ययन सहायक पुस्तिकाले बताउँछ।

आई. सी. आई. कार्यालयमा पठाउनको निम्ति दिइएको स्थानीय ठेगानाको प्रयोग गर्नुहोस्। यस पाठको समाप्तिमा तपाईंलाई सुन्दर प्रमाण-पत्र पठाइनेछ।

**उद्देश्यहरू**

प्रत्येक पाठको शुरूमानै उद्देश्यहरू दिइएको तपाईंले भेट्टाउनुहुन्छ। आफ्नो अध्ययनबाट तपाईंले के आशा राख्नुपर्छ भनी जान्नको लागि सहायता पुऱ्याउन यस पुस्तकमा *उद्देश्य* शब्द प्रयोग गरिएको छ। तपाईंले आफ्ना *उद्देश्यहरूलाई* मनमा राख्नुभयो भने अझै राम्रोसँग अध्ययन गर्नसक्नुहुनेछ।

अब तपाईं पाठ १ अध्ययन गर्नलाई तयारी भइसक्नुभएको छ र यस अध्ययनमा परमेश्वरले तपाईंलाई आशिष दिनुभएको होस्!

पाठ १

# एकलेसिया (चर्च) को निम्ति परमेश्वरको योजना

येशूले भन्नुभयो, "म मेरो एकलेसिया यस चट्टानमाथि स्थापित गर्नेछु, र नरकका ढोकाहरू त्यसमाथि विजयी हुनेछैनन्।" (मतियोस १६:१८)। यो एक अचम्मको प्रतिज्ञा हो! यस पदले एकलेसियाको बारेमा धेरै महत्वपूर्ण कुराहरू हामीलाई बताउँछ। अब हामी तिनीहरूको सूची बनाऔं:

१. एकलेसिया ख्रीष्टको एकलेसिया हो– "मेरो एकलेसिया।"
२. आफ्नो एकलेसियाको निम्ति ख्रीष्टको योजना छ– "म स्थापित गर्नेछु।"
३. येशूको एकलेसियाले हार खानेछैन– "मृत्युले पनि यसलाई कहिल्यै जित्न सक्नेछैन।"

संसारको शुरूदेखिनै परमेश्वरले एकलेसियाको निम्ति योजना बनाउनुभएको थियो। यो रहस्यपूर्ण योजना थियो। तब ठीक समयमा परमेश्वरले आफ्नो योजना प्रकट गर्नुभयो। परमेश्वरको योजना भविष्यसम्म पनि पुग्यो भन्ने कुरा हामी हेर्नेछौं। हाम्रा निम्ति परमेश्वरले महान् कुराहरूको तयारी गर्नुभयो! अहिले हामीहरूमा समस्यै भए पनि, विश्वासैद्वारा हामी भविष्यलाई हेर्नसक्छौं।



**यस पाठमा तपाईंले यी कुराहरूको अध्ययन गर्नुहुनेछ. . .**

एकलेसियाको शुरू
एकलेसियाको महिमित भविष्य
एकलेसियाको वर्तमान अवस्था
एकलेसियाको उद्देश्य
एकलेसियाको कष्ट

**यस पाठले तपाईंलाई यी कुराहरूमा सहायता पुऱ्याउनेछ. . .**

- एकलेसियाको निम्ति भएको परमेश्वरको योजना वास्तवमा कहिले शुरू भयो सो व्याख्या गर्न।
- एकलेसियाको निम्ति भएको परमेश्वरको योजनामा येशूको कार्यलाई परिचित गर्न।
- वर्तमान समस्याहरूसँग परमेश्वरको अनन्त योजनाको सम्बन्ध देखाउन।

## एकलेसियाको शुरू

उद्देश्य १ *एकलेसियाको निम्ति भएको परमेश्वरको योजना कसरी शुरू भयो, सो बताउनु।*

एकलेसिया कहाँबाट आयो? हुनसक्छ, तपाईंको क्षेत्रमा धेरै वर्ष पहिलेदेखि, वा केही वर्ष पहिले मात्र एकलेसिया शुरू भएको होला। हुनसक्छ, तपाईंकै समाजबाट कसैले सुसमाचार सुनाए होलान् वा हुनसक्छ, अर्को कुनै ठाउँबाट कोही मानिस आएर ख्रीष्टको बारेमा सुनाए होलान्।

तपाईंको क्षेत्रमा सुसमाचार आउनुभन्दा पहिले वा कसैले सुसमाचार सुन्नुभन्दा पहिलेनै परमेश्वरले योजना बनाउनुभएको थियो। परमेश्वरको योजना तपाईंको जीवनकालमा शुरू भएको होइन। येशू मर्नुभएको क्रूसमा पनि यो योजना शुरू भएको होइन। परमेश्वरको योजना उहाँले संसारको सृष्टि गर्नुभन्दा पहिल्यै शुरू भएको थियो। यस योजनाको बारेमा पौलसले एफिसस्मा भएको एकलेसियालाई बताएका छन्।

> उहाँको सामुन्ने पवित्र र निष्कलङ्क होऔं भनेर संसारको उत्पत्तिभन्दा अघिबाटै उहाँले हामीलाई चुन्नुभयो। उहाँको इच्छाको लक्ष्यअनुसार ख्रीष्ट येशूद्वारा प्रेममा उहाँले हामीलाई आफ्ना सन्तान हुनलाई अघिबाटै नियुक्त गर्नुभएको थियो। (एफिसी १:४-५)

तर समयको पूर्णतामा परमेश्वरले आफ्ना पुत्रलाई पठाउनु-भयो। उहाँ एउटी स्त्रीबाट जन्मनुभयो, तथा व्यवस्थाको अधीनमा



जन्मनुभयो। (गलाती ४:४ हेर्नुहोस्।) येशूले परमेश्वरको बारेमा सत्यता सिकाउनुभयो र आश्चर्यकर्महरू गर्नुभयो। मानिसहरूले उहाँलाई ग्रहण गर्न इन्कार गरे। तिनीहरूले उहाँलाई क्रूसमा चढाए। तर परमेश्वरले येशूलाई जीवनमा बौरी उठाउनुभयो!

येशूले यहूदीहरूको बीचमा आफ्नो सेवा शुरू गर्नुभयो। धेरै यहूदीहरूले येशूलाई इन्कार गरे। तर परमेश्वरले आफ्नो योजना सञ्चालन गरिनैरहनुभयो। एफिससको एकलेसियालाई पौलसले यो सत्यता फेरि बताएका छन्ः

> जुन कुरा उहाँका पवित्र प्रेरितहरू र अगमवक्ताहरूलाई पवित्र आत्माद्वारा अहिले प्रकट भएको छ, त्यो अरू पुस्ताका मानिसहरूलाई जनाइएको थिएन, अर्थात् सुसमाचारद्वारा नै अन्यजातिहरू सहउत्तराधिकारीहरू हुन्, एउटै शरीरका अङ्गहरू र ख्रीष्ट येशूमा रहेको प्रतिज्ञाका साझेदार हुन्। (एफिसी ३:५-६)

तब ख्रीष्टमा विश्वास गर्ने प्रत्येक देशका मानिसहरूनै एकलेसिया हो। तिनीहरू अहिले सुसमाचारद्वारा उहाँको एकलेसियाका अङ्ग बनेका छन्।

### तपाईंको अभ्यासको निम्ति

तपाईंको अभ्यासको निम्ति भनिने यी प्रत्येक खण्डहरूमा भएका प्रश्नहरू वा अभ्यासहरूले तपाईंले अध्ययन गर्नुभएको कुरालाई दोहोऱ्याउन वा प्रयोगमा ल्याउन सहायता पुऱ्याउँछ।

**१** ठीक बयानको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।

**क**) येशू मर्नुभएपछि परमेश्वरको योजना शुरू भयो।

**ख**) मानिसको सृष्टि भएपछि परमेश्वरको योजना शुरू भयो।

**ग)** एकलेसियाको निम्ति भएको आफ्नो योजनामा परमेश्वरले शुरूदेखिनै काम गरिरहनुभएको थियो।

**२** एफिसी ३:५-६ फेरि पढ्नुहोस्। तल सोधिएका प्रश्नहरूका जवाफ तपाईंका आफ्नै शब्दहरूमा लेख्नुहोस्:

**क)** कसरी परमेश्वरले आफ्नो योजना प्रकट गर्नुभयो?

..............................................................

..............................................................

**ख)** परमेश्वरको योजना के थियो?

..............................................................

..............................................................

यस पाठको अन्तमा दिइएका उत्तरहरूसँग तपाईंका आफ्ना उत्तरहरूको जाँच गर्नुहोस्।

---

## एकलेसियाको महिमित भविष्य

---

उद्देश्य २ *एकलेसियाको भविष्यको निम्ति भएको योजनामा ख्रीष्टलाई कसरी संलग्न गरिएको छ, उल्लेख गर्नुहोस्।*

परमेश्वरले ख्रीष्टद्वारा आफ्नो योजना सञ्चालन गर्नुभयो। मानिसहरूले ख्रीष्टलाई इन्कार गर्दैमा परमेश्वरको योजना बन्द भएन। ख्रीष्टको मृत्युले पनि परमेश्वरलाई रोकेन। परमेश्वरले आफ्नो योजना सञ्चालन गरिनै रहनुभयो।

भविष्यको निम्ति पनि परमेश्वरको योजना छ! ठीक समयमा परमेश्वरले आफ्नो योजना पूरा गर्नुहुनेछ। उहाँले हार खानुभएको छैन। उहाँले हार खानु पनि हुनेछैन! परमेश्वरले आफ्नो एकलेसियाको निम्ति सञ्चय गरेर राख्नुभएको केही

कुराहरूको बारेमा बाइबलले बताउँछ। येशू क्रूसमा मर्नुभन्दा पहिले उहाँले यसरी प्रार्थना गर्नुभयोः

> "पिता, म इच्छा गर्दछु, कि तपाईंले मलाई दिनुभएकाहरू म जहाँ छु मसँग रहून्, र मेरो महिमा देखून्, जुन महिमा, मलाई संसारको सृष्टि हुन अघि देखि नै प्रेम गर्नुभएको हुनाले तपाईंले मलाई दिनुभएको थियो।" (योआनेस १७:२४)

कुनै बेला– ठीक समयमा परमेश्वरले त्यो प्रार्थनाको उत्तर दिनुहुनेछ। कुनै दिन एकलेसिया येशूसँग हुनेछ र हामीले उहाँको महिमा देख्नेछौं। स्वर्ग यस्तै हुन्छ भनी पूर्ण रूपले कसैलाई पनि थाह छैन, तर येशू ख्रीष्टसँग हुनपाउनु चाहिँ बडो आनन्दको कुरा हुनेछ!

यो कसरी हुन्छ भन्ने बारेमा बाइबलले हामीलाई बताएको छ। येशू आफ्नो एकलेसिया लिनलाई फेरि यस संसारमा आउनुहुनेछ। यस घटनाको बारेमा पौलसले थिस्सलोनिकाको एकलेसियालाई बताएका छन्ः

> किनकि प्रभु स्वयम् हुकुमको गर्जनसित, प्रधान स्वर्गदूतको आवाज र परमेश्वरका तुरहीको सोरसित स्वर्गबाट ओर्लनुहुनेछ, र ख्रीष्टमा मरेकाहरूचाहिँ पहिले बौरिउठ्नेछन्। तब हामी बाँचिरहेका र छोड़िएकाहरू प्रभुलाई आकाशमा भेट्न तिनीहरूका साथसाथै बादलमा उठाइलगिनेछौं, र यसरी हामी सधैं प्रभुसँग रहनेछौं। (१ थेसलोनिकी ४:१६-१७)



यो कहिले हुन्छ भन्ने कुरा हामीलाई थाह छैन। यो छिट्टै पनि हुनसक्छ। परमेश्वरलाई ठीक समय थाह छ।

### तपाईंको अभ्यासको निम्ति

**३** तल दिइएको खाली ठाउँमा ठीक शब्द वा शब्दहरू लेख्नुहोस्।

**क**) बितेको समयमा परमेश्वरले आफ्नो योजना पूरा गर्नुभएको हुनाले .......... निम्ति पनि हामी उहाँमा भरोसा राख्नसक्छौं।

**ख**) स्वर्गको बारेमा भएको एक सबैभन्दा महत्वपूर्ण कुरा यो हो कि हामी ............ सँग हुनेछौं।

**ग**) आफ्नो एकलेसियालाई लिन येशू आउनुहुँदा, त्यहाँ ..... ............... को आवाज सुनिने छ।

**घ**) जिउँदा र मरेका विश्वासीहरू सबैले एकैसाथ ........ ....... लाई भेट्नेछन्।

**४** योआनेस १७:२४ मा येशूले आफ्नो प्रार्थनामा माग्नुभयो कि

**क**) परमेश्वरले हामीलाई अझै प्रेम गर्नुहुनेछ।

**ख**) हामी उहाँसँग स्वर्गमा हुनेछौं।

**ग**) पिताले उहाँलाई एकलेसिया दिनुहुनेछ।

**५** प्रकाश २२:३-५ पढ्नुहोस्। ख्रीष्टसँग स्वर्गमा कसले शासन गर्नेछ?

**क**) स्वर्गदूतहरू

**ख**) अगमवक्ताहरू र प्रेरितहरू

**ग**) परमेश्वरका सबै सेवकहरू

**६** आफ्नो एकलेसियाको निम्ति परमेश्वरको भविष्यको योजना के हो, अब व्याख्या गर्नुहोस्।

.............................................

## एकलेसियाको वर्तमान अवस्था

एकलेसियाको उदेकको विगत र महिमित भविष्य छ, तर यस पृथ्वीमा हामी अहिले जिउनुपर्छ। हामी विगत दिन वा भविष्यमा जिउँदैनौं, तर हामी अहिले जिउँछौं। हामीले अध्ययन गरेका यी सत्यताहरूले हामीलाई अहिले कसरी सहायता गर्नसक्छन्?

### एकलेसियाको उद्देश्य

उद्देश्य ३ *एकलेसियाका दुई वर्तमान उद्देश्यहरूका सूची बनाउनुहोस्।*

एकलेसियाका कर्तव्यहरूका बारेमा पछि हामी अझ धेरै छलफल गर्नेछौं, तर केही मुख्य लक्ष्यहरूलाई अहिले हामी विचार गरौं। एफिससमा भएको एकलेसियालाई पौलसले लेखेको पत्रमा हामी यसरी पढ्छौं:

> सबै सन्तहरूमा म अत्यन्त तुच्छ भए तापनि ख्रीष्टको अगम्य सम्पत्तिको सुसमाचार अन्यजातिहरूलाई प्रचार गरूँ भनेर मलाई यो अनुग्रह दिइयो। सबै कुरा सृजनुहुने परमेश्वरमा युग-युगदेखि लुप्त रहेका रहस्यको योजना के हो, सो सबै मानिसलाई खुलस्त गराउने अनुग्रह मलाई दिइयो, ताकि यसरी एकलेसियाद्वारा परमेश्वरका विभिन्न किसिमका ज्ञान स्वर्गीय स्थानहरूमा शासकहरू र अख्तियारवालाहरूका माझमा प्रकट गरिओस्। (एफिसी ३:८-१०)

*स्वर्गीय स्थानहरू* भनिने शब्दहरूका अर्थ "आत्मिक युद्धको क्षेत्र" भन्ने हुन्छ। *स्वर्गीय सेनाहरू र शक्तिहरू जस्ता शब्दहरूका अर्थ* "मानिसहरूलाई दुष्ट कामहरू गर्न लगाउने दुष्ट आत्माहरू भन्ने बुझिन्छ। पौलसले बताएका छन् कि एकलेसियाको निम्ति भएको परमेश्वरको उद्देश्य यस संसारमा भएका दुष्ट आत्माहरूलाई हराउनु हो।

एफिसी ३ अध्यायलाई पनि पढ्नुहोस्। योचाहिँ ख्रीष्ट येशू हाम्रा प्रभुमा उहाँले पूरा गर्नुभएको अनन्त उद्देश्यअनुसार थियो। उहाँमाथि राखिएको हाम्रो विश्वासद्वारा साहस र दृढ भरोसामा हामी परमेश्वरमा प्रवेश पाउँछौं। (एफिसी ३:११-१३)। म प्रार्थना गर्छु, कि उहाँका महिमाको सम्पत्तिअनुसारको शक्तिले उहाँका आत्माद्वारा भित्री मनुष्यत्वमा तिमीहरूलाई शक्तिशाली पारून् (एफिसी ३:१४-१६)। अन्त्यमा, विश्वासद्वारा ख्रीष्ट तिमीहरूका हृदयमा वास गरून्, र प्रेममा जरा गाड़िएका र दह्रिला भएर (एफिसी ३:१७-१९)।

यस अध्यायको अन्तिम पदहरूमा एकलेसियाको दोस्रो सामान्य उद्देश्य पाइन्छ।

> [उहाँलाई,] जसले हामीभित्र काम गर्ने उहाँको शक्तिअनुसार हामीले मागेको वा चिताएकोभन्दा ज्यादै प्रशस्त मात्रामा गर्न सक्नुहुन्छ, उहाँलाई नै पुस्ता-पुस्तासम्म एकलेसिया र ख्रीष्ट येशूमा सदासर्वदा महिमा होस्। आमिन। (एफिसी ३:२०-२१)

**तपाईंको अभ्यासको निम्ति**

७ एफिसी ३ अध्यायलाई फेरि हेर्नुहोस्। एकलेसियाको निम्ति भएका दुई उद्देश्यहरूलाई तपाईंका आफ्नै शब्दहरूमा उल्लेख गर्नुहोस्ः

**क**) ३:८-१० ..............................

**ख**) ३:२०-२१ ..............................

तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्।

**एकलेसियाको कष्ट**

उद्देश्य ४ *कहिलेकहीं ख्रीष्टियानहरूले किन कष्ट भोग्छन् सो व्याख्या गर्नु।*

ख्रीष्टमा भएको आफ्नो विश्वासको कारणले कहिलेकहीं ख्रीष्टियानहरूले कष्ट भोग्नुपर्छ। कहिलेकहीं एकलेसियालाईनै नाश गर्ने प्रयास गरिन्छ। तपाई ख्रीष्टियान हुनुभएकोमा अरूहरूले तपाईंसँग दुर्व्यवहार गरेका होलान्। तिनीहरूले ख्रीष्टमा विश्वास गरेका हुनाले कहिलेकहीं मानिसहरू तिनीहरूका विरूद्धमा उठ्छन् र तिनीहरूलाई दुःख दिन्छन्। यसलाई *सतावट* भनिन्छ।

यस्तो किसिमको दुःख बुझ्न गाह्रो छ। कहिलेकहीं तपाईंले यस्तो प्रश्न पनि सोध्नुहुन्छ होला, "यदि परमेश्वरले मेरो निम्ति यति महान् कुराहरूको योजना गर्नुभएको छ भने, किन अहिले मलाई यो दुःख आएको?" यो प्रश्न सजिलो छैन। यस विषयमा बाइबलले के भन्छ, अब हामी त्यसलाई हेरौं।

१. *कुनै कष्ट साधारणनै हुन्छः* चाहे ऊ ख्रीष्टियान होस् चाहे नहोस्, प्रत्येक व्यक्ति कष्टको समयद्वारानै जान्छ।

ख्रीष्टियानहरूले पनि कष्ट भोग्नै पर्छ। पौलसले जवान मानिस तिमोथियसलाई भनेः "ख्रीष्ट येशूमा भक्तिसाथ जीवन बिताउन इच्छा गर्नेहरू सबै जना सतावटमा पर्ने नै छन्" (२ तिमोथियस ३ः१२)। तर यो जान्नु अति आनन्दको कुरा हो कि हामीले कष्ट भोग्दा परमेश्वर हामीसँग हुनुहुन्छ र उहाँले हामीलाई शक्ति प्रदान गर्नुहुन्छ।

२. *कष्ट भोग्न पाउनु सौभाग्य होः* हामीलाई थाह छ कि ख्रीष्टको निम्ति कष्ट भोग्नु इज्जतको कुरा हो। किनभने सतावट भोग्नेहरूका लागि परमेश्वरले विशेष इनाम राख्नुभएको छ, यो विशेष हो। पौलसले फिलिप्पीको एकलेसियालाई यसो भनेका छन्, "किनभने ख्रीष्टको निम्ति तिमीहरूलाई यो दिइएको छ, कि तिमीहरूले उहाँमाथि विश्वास गर्नु मात्र होइन, तर उहाँको खातिर दुःख पनि भोग्नुपर्छ" (फिलिप्पी १ः२९)।

३. *कष्ट अल्पकालिन मात्र होः* कष्ट लामो समयसम्म रहनेछैन। पौलसले रोममा भएको एकलेसियालाई यसरी लेखेका छन्, "म विचार गर्दछु, कि हामीमा जुन महिमा प्रकट गरिनेछ, त्यससँग वर्तमान समयका कष्टहरू तुलना गर्ने योग्य छैनन्" (रोमी ८ः१८)।

४. *कष्टको इनाम दिइनेछः* कष्टको समयको अवधिमा हामीले भविष्यतर्फ हेर्नसक्छौं। हामी पृथ्वीभन्दा अझै माथि स्वर्गलाई हेर्छौं। परमेश्वरले हामीलाई इनाम दिनुहुन्छ। बाइबलले बताउँछ, "हामीले सह्यौं भने, हामी पनि उहाँसँगै राज्य गर्नेछौं, हामीले उहाँलाई इन्कार गर्‍यौं भने, उहाँले पनि हामीलाई इन्कार गर्नुहुनेछ" (तिमोथियस २ः१२)। परमेश्वरले यी कुराहरूको रिकड (अभिलेख) राख्नुभएको छ। एकलेसियाको निम्ति परमेश्वरले महान् कुराहरूको योजना गर्नुभएको छ भन्ने कुरा हामीले हेरिसकेका छौं। तर अहिलेको यस कष्टको समयमा हामी विश्वासयोग्य हुनैपर्छ। "म ख्रीष्टियान भएकोमा मेरा बाबुले

मलाई इन्कार गरेका छन्'' भनी तपाईं भन्नुहोला। यो दुःखदायक कुरानै हो। तर यस्तो कष्ट सामान्यनै हो।



तपाईं यसो भन्न सक्नुहुन्छ, ''परमेश्वरले धेरै आत्मिक बाबुहरू दिएर मलाई इनाम दिनुभएको छ। आफ्नो एकलेसियालाई लिन जब येशू आउनुहुनेछ, तब यस्ता खालका दुःख र वेदनाहरू सबै मबाट हटनेछन्।''

**तपाईंको अभ्यासको निम्ति**

८ परमेश्वरको अनन्त योजनाको दृष्टिमा, कहिलेकहीं किन एकलेसियाले सतावट भोग्नुपर्छ?

..........................................

..........................................

..........................................

तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

बधाई! तपाईंले पहिलो पाठ सिध्याउनुभएको छ। यी ११ पृष्ठहरूमा हामी समयको शुरूबाट स्वर्गको अनन्ततासम्म पुग्यौं। हामीले एकलेसियाको शुरू र यसको अन्तको बारेमा देख्यौं। अर्को पाठमा हामी एकलेसियाको बाइबल आधारित परिभाषालाई हेर्नेछौं। "म मेरो एकलेसिया स्थापना गर्नेछु" भनी येशूले भन्नुहुँदा उहाँले के अर्थ दिनुभएको थियो?

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

तपाईंको अध्ययन अभ्यासका उत्तरहरूलाई क्रमबद्ध प्रकारले दिइएका छैनन् र यसो गर्नुको कारणचाहिँ तपाईंले अर्को प्रश्नको उत्तरलाई पहिलेनै हेर्नसक्नुहोस् भन्ने उद्देश्यले हो। तपाईंलाई चाहिएको उत्तर संख्या हेर्नुहोस् र अरू उत्तरहरूलाई पहिल्यै नहेर्नुहोस्।

८ तपाईंको उत्तरमा यी बुँदाहरू संलग्न भएको हुनुपर्छः कष्ट भोग्नु सबैको निम्ति सामान्य कुरानै हो। ख्रीष्टको निम्ति कष्ट भोग्नु इज्जतको कुरा हो। हामीले पछि इनाम पाउने हुनाले अहिले स्वइच्छासाथ कष्ट भोग्नसक्छौं।

१ **ग**) एकलेसियाको निम्ति भएको आफ्नो योजनामा परमेश्वरले शुरूदेखिनै काम गरिरहनुभएको थियो।

७ **क**) दुष्टतालाई जित्न
**ख**) परमेश्वरलाई महिमा ल्याउन

२ **क**) प्रेरितहरू र अगमवक्ताहरूद्वारा पवित्र आत्माबाट
**ख**) येशू ख्रीष्टद्वारा आउने परमेश्वरको आशिषलाई यहूदीहरू र अन्यजातिहरू दुवैले उपभोग गर्नेछन्।

**६** येशू ख्रीष्ट आफ्नो एकलेसिया (आफ्ना मानिसहरू) का निम्ति फेरि आउनुहुनेछ। अनन्तताको निम्ति एकलेसिया उहाँसँग हुनेछ र उहाँसँगै राज्य गर्नेछ।

**३** **क**) भविष्य
**ख**) प्रभु येशू ख्रीष्ट
**ग**) (यिनीहरूमध्ये कुनै पनि) आज्ञाको आवाज, प्रधान स्वर्गदूतको आवाज, परमेश्वरको तुरही
**घ**) प्रभु

**५** **ग**) परमेश्वरका सबै सेवकहरू

**४** **ख**) हामी उहाँसँगै स्वर्गमा हुनेछौं।

पाठ
२

# एकलेसियाको इतिहास

पहिलो पाठमा हामीले अनन्तताको दृष्टिकोणबाट एकलेसियालाई देख्यौं। परमेश्वरले एकलेसियाको योजना बनाउनुभयो। ठीक समयमा परमेश्वरले आफ्नो योजनालाई प्रकट गर्नुभयो। अहिले हामीहरूसँग समस्याहरू हुँदा हुँदै पनि, परमेश्वरले आफ्नो एकलेसियामा काम गरिरहनुभएको छ। एकलेसियाको निम्ति भएका आफ्ना योजनाहरूलाई एक दिन परमेश्वरले पूरा गर्नुहुनेछ। येशू फेरि यस पृथ्वीमा आउनुहुनेछ र आफूसँग स्वर्गमा राख्नलाई उहाँले एकलेसियालाई लैजानुहुनेछ।

अब हामी पृथ्वीको दृष्टिकोणबाट एकलेसियालाई हेरौं। "म मेरो एकलेसिया स्थापना गर्नेछु" भनी जब येशूले भन्नुभयो, उहाँले "यस पृथ्वीमा हुने एकलेसियाको" सम्बोधन गर्नुभएको थियो। पेन्तिकोसदेखि वर्तमान समयसम्म के भयो भन्ने विषयमा हामी यस पाठमा छोटकरीमा विचार गर्नेछौं।

इतिहासबाट हामी धेरै कुरा सिक्नसक्छौं। एकलेसिया कसरी बढ्यो भनी देख्ता हामीलाई अचम्म लाग्छ। तर वृद्धिको साथसाथै समस्याहरू पनि थिए भनी हामी देख्छौं, र यी समस्याहरूले हामीलाई धेरै पाठहरू सिकाउँछन्। एकलेसिया इतिहास मेरो निम्ति धेरै चाखलाग्दो विषय हो। र तपाईंलाई पनि यो विषय चाखलाग्दो हुनेछ भन्ने कुरामा म निश्चित छु।



**यस पाठमा तपाईंले यी कुराहरूको अध्ययन गर्नुहुनेछ. . .**

एकलेसियाको जन्मभयो
एकलेसिया नियमानुसार बनाइयो
एकलेसियालाई नाश गरियो
एकलेसियालाई सुधार गरियो
एकलेसियालाई पुनर्जागृत गरियो

**यस पाठले तपाईंलाई यी कुराहरूमा सहायता पुऱ्याउनेछ. . .**

- एकलेसियाको इतिहास उल्लेख गर्न।
- एकलेसियामा भएका समस्याहरूको कारण बुझ्न।
- एकलेसियाको संगठनलाई परिभाषित गर्न।

## एकलेसियाको जन्मभयो

उद्देश्य १ *पेन्तिकोसको दिन र त्यसपछिका घटनाहरूमा के भयो, उल्लेख गर्नुहोस्।*

पेन्तिकोस यहूदीहरूको एक ठूलो चाड थियो। यो अन्न कटनीको समय थियो। यस समयमा धेरै मानिसहरू टाढा टाढाबाट यरूशलेममा आउँथे। येशू मृत्युबाट बौरी उठ्नुभएपछिको पहिलो पेन्तिकोसको दिनमा येशूका चेलाहरू यरूशलेममा जम्मा भएका थिए। त्यो समयमा केही विशेष कुरा भयो! मैले तपाईंलाई भन्नुभन्दा, तलको अभ्यासलाई गरेर के भएको थियो सो तपाईं आफै पत्ता लगाउनसक्नुहुन्छः

### तपाईंको अभ्यासको निम्ति

**१** प्रेरित २:१-५ पढ्नुहोस् र तल सोधिएका प्रश्नहरूका जवाफ दिनुहोस्:

**क)** यो कहिले भयो? ..................

**ख)** कोठामा कुन दुई अनौठा कुराहरू भए? ..........................

**ग)** चेलाहरूलाई के भयो? ............

**२** भीडको प्रतिउत्तर के थियो (प्रेरित २:१३)? ..........

...............................................

**३** मसीह उहाँनै हुनुहुन्छ भनी पेन्तिकोसको दिनमा जम्मा भएको भीडलाई पत्रसले कसरी बताए? ...............

...............................................

४ शुरूका विश्वासीहरूले गरेका कार्यहरूलाई बताउने ठीक बयानहरूका अगाडिका अक्षरमा घेरा लगाउनुहोस् (प्रेरित २:४२)।

**क**) तिनीहरूले प्रेरितहरूबाट सिके।

**ख**) तिनीहरूले एकैसाथ प्रार्थना गरे।

**ग**) तिनीहरूको संगति थियो।

**घ**) तिनीहरू एक अर्कासँग वादविवाद गर्थे।

**ङ**) तिनीहरू एकसाथ खान्थे।

तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्।

एकलेसिया अचम्म किसिमले शुरू भएको थियो। धेरै नयाँ व्यक्तिहरू विश्वासमा आए (प्रेरित २:४१) र उद्धार पाउनेहरूलाई प्रभुले दिनदिनै तिनीहरूको सङ्ख्यामा थपिदिनुहुन्थ्यो। (पद ४७)। तर केही समयपछिनै समस्या शुरू भयो। परमेश्वरका शत्रुहरूले उहाँको एकलेसियाको बिरोध गरे। यस्ता खालका केही कष्टहरूका बारमा प्रेरितको पुस्तकले उल्लेख गरेको छ (प्रेरित ४:२३; ५:१७-१८)।

मानिसहरूले विश्वासीहरूका बारेमा झूटा आरोपहरू लगाए। कोही कोहीले सुसमाचारको एक खण्डलाई लिएर त्यसलाई आफ्नै व्याख्या दिएर झूटा शिक्षामा परिवर्तन गरे। रोमी सरकारले पनि ख्रीष्टियान समुदायलाई मन पराएन। ख्रीष्टियानहरूलाई खराब नागरिकहरू भनी दोष लगाइएको थियो। शुरूका धेरै ख्रीष्टियानहरूले कष्ट भोग्नुपर्‍यो। कोही कोहीलाई शारीरिक वेदना र कष्ट दिइयो र अरू धेरैलाई मारियो। तर सत्यतालाई चाहिँ मार्न सकिँदैन।

विश्वासीहरूले आफ्ना घर छोड्नुपर्‍यो। तिनीहरू पर्थिया, मेसोपोटामिया, मिश्र, लिबिया र राजधानी शहर रोमसम्म पुगे। ख्रीष्टियानहरू जहाँ गए पनि, परमेश्वरले आफूलाई गर्नुभएको कुरा तिनीहरूले सबैलाई बताए। धेरै ठाउँहरूमा विश्वासीहरूका नयाँ समुदायहरू शुरू भए।



**तपाईंको अभ्यासको निम्ति**

**५** माथिको मानचित्रलाई हेर्नुहोस्। शुरूका ख्रीष्टियानहरू अरू क्षेत्रहरूमा कसरी फैलिए भनी देखाउनलाई तीरहरूको प्रयोग गरिएको छ। विभिन्न कष्टहरू हुँदा हुँदै पनि एकलेसियालाई के भयो?

.....................................................

## एकलेसियालाई नियमानुसार बनाइयो

उद्देश्य २ *किन एकलेसिया आफै संगठित हुन शुरू गऱ्यो उल्लेख गर्नुहोस्।*

सुसमाचार कसरी फैलियो भनी प्रेरितको पुस्तकले हामीलाई धेरै बताएको छ। यसले पौलस र पत्रसको कामलाई वर्णन गरेको छ। नयाँ नियमका धेरै पुस्तकहरू पौलसले नयाँ एकलेसिया-हरूलाई लेखेका पत्रहरूनै हुन्। अन्त्यमा रोमी साम्राज्य भरि धेरै ख्रीष्टियानहरू भए र कोही कोही सम्राटहरू ख्रीष्टियान बने! सम्राट कन्स्टनटाइन (ख्रीष्टको जन्मको ३०० वर्ष पछि) ले ख्रीष्टियान धर्मलाई साम्राज्यको धर्मको रूपमा घोषणा गरे। अरू

मानिसहरू जानथालेको देखेर धेरै मानिसहरू ख्रीष्टियान एकलेसियामा जानथाले। कसै कसैले परमेश्वरलाई चिनेकै थिएनन्। कुनै संगठनमा संलग्न हुनजाने मानिसहरूजस्तै तिनीहरू पनि ख्रीष्टियान नबनिकनै एकलेसियामा संलग्न हुनथाले। निश्चयनै यो कुराले गोलमाल ल्याएको थियो, किनभने साँचो *एकलेसिया* चाहिँ ख्रीष्टलाई ग्रहण गरिसकेका मानिसहरूबाट निर्माण गरिएको हुन्छ।

यस्तो गोलमालको बीचमा पनि विश्वासयोग्य ख्रीष्टियान-हरूबाट बनेको साँचो एकलेसिया सबै समयमा थियो। र यो छिट्टैनै वृद्धि हुँदै गयो।

दैनिक खाद्य वितरणमा तिनीहरूका विधवाहरूले चाहिँदो भोजन पाउँदैनथिए। सात जना मानिस छान जसलाई हामी यस काममा नियुक्त गरौं। तर हामीचाहिँ प्रार्थना र वचनको सेवकाइमा सम्पूर्ण समय दिनेछौं'' (प्रेरित ६ : १ - ४)।एकलेसियामा अरू खाँचो-हरू पनि थिए। एकलेसियालाई दुष्ट र सत्यता नसिकाउने मानिसहरू-बाट सुरक्षा गरिनुपरेको थियो। ठूला एकलेसियाहरूले साना एकले-सियाहरूलाई सहायता पुऱ्याउनु आवश्यक थियो। एकतामा एकैसाथ काम गर्नको लागि तिनीहरू अझै संगठित हुनु आवश्यक थियो।

### तपाईंको अभ्यासको निम्ति

**६** तल दिइएको प्रश्नको सबैभन्दा उत्तम जवाफको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्। किन एकलेसिया संगठित हुन आवश्यक थियो?

**क**) सम्राट ख्रीष्टियान बनेका हुनाले।

**ख**) यसले अझै ठूलो सहायता, सुरक्षा र एकता प्रदान गर्ने हुनाले।

**ग**) यसलाई नियमानुसार बनाइनुपर्ने हुनाले।

## एकलेसियालाई नाश गरियो

उद्देश्य ३ *एकलेसियामा किन समस्याहरूको विकास भयो व्याख्या गर्नुहोस्।*

समय वित्दै जाँदा खीष्टियान सम्राट (शासक) हरूले एकलेसियालाई अधीन गर्ने कोशिश गरे, र एकलेसिया राजनीतिमा संलग्न भयो। विशप भनिने अगुवाहरू ठूला ठूला शहरहरूमा शक्ति जमाउनको लागि एक अर्कासँग झगडा गर्नथाले। एकलेसियामा भएका केही मानिसहरूले एकलेसियाको अस्तित्वको उद्देश्यलाई नै बिर्से।

खीष्टको जन्म भएको करीब ५०० वर्ष पछि रोम शहरलाई पनि नाश पारिएको थियो। ई.सं. १००० पछि पूर्वी र पश्चिमी एकलेसियाका खीष्टियानहरूका बीचमा कुनै सम्बन्धनै थिएन।

एकलेसियाभित्र र एकलेसिया बाहिर भएका पोपहरूबाट कुनै कुनै खीष्टियानहरूले आफैलाई अलग्गै राख्न चाहेका हुनाले तिनीहरू अलग भए। संसार र आत्मिक जीवनमा कमजोर भएका खीष्टियानहरूबाट तिनीहरूले आफैलाई अलग राखे। तिनीहरू *आश्रम* जस्ता विशेष समुदायहरूमा प्रवेश गर्न थाले। संसारलाई बाहिरै राख्नका निम्ति आश्रमहरूलाई ठूला ठूला पर्खालहरूले घेरिएको हुन्थ्यो।

के खीष्टियानहरू आश्रममा रहनु असल कुरा हो? यो प्रश्नको जवाफ दिन गाह्रो छ। आश्रमबाट दुवै असल र खराब कुराहरू निस्केका थिए। कहिलेकहीं आश्रमहरूनै शिक्षाका केन्द्र थिए। कहिलेकहीं त्यहींका मानिसहरूलेनै नयाँ क्षेत्रमा खीष्टियान शिक्षा पुऱ्याएका थिए। तिनीहरूले ई.सं. ५०० तिर यूरोपमा, ई.सं. ७०० तिर बेलायतमा ई.सं.१००० तिर अन्य यूरोपिय देशहरूमा सुसमाचार ल्याउनलाई सहायता गरेका थिए।



तर त्यहाँ समस्याहरू पनि थिए। आश्रमका पर्खालहरूले त्यसभित्र रहेका मानिसहरूलाई अरू मानिसहरू र तिनीहरूका खाँचोहरूबाट अलग गरेका थिए। तिनीहरूले यस किसिमले संसारलाई सहायता गर्नसक्तैनथे। त्यहाँभित्र भएका मानिसहरूले कहिलेकहीं अरूहरूका आत्माहरूलाई भन्दा आफ्नै आत्माहरूलाई बढी वास्ता गर्थे। प्रायजसो आश्रमहरू पापका ठाउँ बनेका थिए। पर्खालहरूले मानिसहरूलाई पाप गर्नबाट रोक्न सकेनन्।

**तपाईंको अभ्यासको निम्ति**

७ एकलेसियामा किन समस्याहरू शुरू भयो भनी उत्तम व्याख्या दिने कारणको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।

**क**) एकलेसिया धेरै ठूलो भयो।
**ख**) मानिसहरू एकलेसियामा जान छोडे।
**ग**) मानिसका खाँचोहरूलाई सेवा पुऱ्याउनु पर्छ भनी एकलेसियाले भुल्यो।
**घ**) ख्रीष्टियानहरू पापपूर्ण मानिसहरू सँग सँगै रहन चाहन्थे।

## एकलेसिया सुधार गरियो

उद्देश्य ४ *लुथरद्वारा पुनर्स्थापित गरिएका बाइबल आधारित तीन शिक्षाहरूका सूची बनाउनुहोस्।*

वर्षहरू बित्दै जाँदा एकलेसियाभित्र धेरै भूलहरू देखा परे। मूर्तिपूजाका विधिहरूले पवित्र आत्माको स्वतन्त्रताको ठाउँलाई ओगटेका थिए। मूर्तिपूजक धर्महरू अलिकति परिवर्तन भएका हुनाले, तिनीहरू ख्रीष्टियान जस्तै देखिए। भक्तिको जीवन जिउनुभन्दा एकलेसिया संगठनको सदस्य हुनु बढी महत्वपूर्ण देखियो। बप्तिस्मा लिएका ख्रीष्टियानहरू मूर्तिपूजकहरू जस्तै गरी जिए पनि बप्तिस्मा लिएपछि चाहिँ तिनीहरूलाई ख्रीष्टियान भनी विचार गरिन्थ्यो। मानिसहरूले एकलेसियालाई बाइबल आधारित सत्यतामा ल्याउने कोशिश गर्दा तिनीहरूलाई तिरस्कार गरियो। परमेश्वरले आत्मिक जागृति पठाउनुहुँदा प्रायजसो समय अगुवाहरूलाई मृत्यु दण्ड दिइन्थ्यो।

### शिक्षामा परिवर्तन

तर ई.सं. १५०० को शुरूतिर आत्मिक परिवर्तन शुरू भयो। आश्रममा भएका मानिसबाट यो शुरू भएको थियो। उनको नाम मार्टिन लुथर थियो। उनले परमेश्वरलाई भेट्टाउने कोशिश गरेका थिए। उनले एकलेसियाको आज्ञा पालन गरे। उनी संसारबाट लुके। उनी आफू भोकै बसे र आफ्नो शरीरलाई कुटे। रपनि उनले परमेश्वरलाई भेट्टाउन सकेनन्। धेरै वर्षपछि, उनले बाइबल अध्ययन गर्न शुरू गरे। त्यहाँ उनले आफ्नो उत्तर भेट्टाए। "किनकि सुसमाचारमा परमेश्वरबाट आउने धार्मिकता प्रकट भएको छ, त्यो धार्मिकता जोचाहिँ सम्पूर्ण रूपले विश्वासद्वारा नै आउँछ। यस्तो लेखिएको छ, "धर्मीचाहिँ विश्वासद्वारा नै जिउनेछ" (रोमी १:१७)। मार्टिन लुथर विश्वासद्वारानै परमेश्वर-को अगाडि धर्मी ठहरिएका थिए! उनको सुधारवादी सिद्धान्त

अपनाउनेहरूलाई *प्रोटेस्टेन्ट* भनियो। तिनीहरूले "धर्मशास्त्र मात्र, विश्वास मात्र, अनुग्रह मात्र" भनी आफ्नो शिक्षालाई व्याख्या गरेका थिए। *धर्मशास्त्रद्वारा मात्र* भन्नाले तिनीहरूले परम्परा होइन तर बाइबल मात्र हाम्रो विश्वासको आधार हो भनी अर्थ लगाएका थिए *विश्वासद्वारा मात्र* भन्नाले तिनीहरूले यो अर्थ लगाएका थिए कि विश्वासद्वारा मात्र मानिसहरू परमेश्वरको अगाडि धर्मी ठहरिन सक्छन्। परमेश्वरको स्नेह प्राप्तिको लागि मानिसले गर्नसक्ने केही कुरा पनि छैन। *अनुग्रहद्वारा मात्र* भन्नाले तिनीहरूले यो अर्थ लगाएका थिए कि ख्रीष्टले क्रूसमा गर्नुभएको कार्यद्वारानै परमेश्वरले मानिसहरूलाई धर्मी ठहऱ्याउनुभएको हो। विश्वास गर्नेहरूलाई परमेश्वरले स्वतन्त्रतासाथ दिनुहुन्छ।



**तपाईंको अभ्यासको निम्ति**

८ किन आत्मिक जागृतिको खाँचो पऱ्यो?

.............................................

९ मार्टिन लुथरले पुनर्स्थापित गरेका बाइबल आधारित तीन सिद्धान्तहरूको सूची बनाउनुहोस्।

..........................

..........................

..........................

**संगठनमा परिवर्तन**

उद्देश्य ५ *विभिन्न किसिमका एकलेसिया संगठनहरूको वर्णन गर्नुहोस्।*

बाइबल आधारित शिक्षामा लुथर फर्केर आउन चाहन्थे। उनी बाइबल आधारित अभ्यासलाई पनि चाहन्थे। मूर्ति पूजक विधिहरू इन्कार गरिए। एकलेसियाहरूबाट मूर्तिहरू हटाइए। आश्राममा भएका मानिसहरूलाई संसारमा काम गर्नको निम्ति पठाइयो। बाइबलमा नभएका कुराहरू गर्न प्रोटेस्टेन्टहरूले तिरस्कार गरे।

पश्चिमी एकलेसिया अर्थात् रोमको एकलेसियाका अगुवाले यस जागृतिलाई तिरस्कार गरे। तर लुथरले भने, "हामीले मानिसको भन्दा परमेश्वरको आज्ञा पालन गर्नैपर्छ!"

आफूलाई पनि कुनै संगठनको खाँचो छ भन्ने कुरा प्रोटेस्टेन्टहरूले छिट्टै महसूस गरे। हरेक देशले कतिपय कुराहरू आफ्नै किसिमले चलाउने विचार गरेको हुनाले, विभिन्न किसिमका संगठनहरूको विकास भयो। कुनै प्रोटेस्टेन्ट समुदायले आफूले थाह पाएको तरीकालाई नै कायम राख्न चाहे। तिनीहरू यस्तो खालको बलियो अगुवा चाहन्थे, जसले त्यस क्षेत्रका अरू अगुवाहरूलाई निर्देशन दिन सक्थे। तब क्षेत्रिय अगुवाहरूले अरूहरूलाई सो कुरा बताउन सक्थे। यो बलियो केन्द्रिय नेतृत्व भएको संगठनको एक रूप हो।

जोहन कालविनले स्वीजरलैण्डमा प्रोटेस्टेन्ट समुदायको नेतृत्व गरे र त्यहाँ अर्कै खालको संगठन विकास भयो। स्वीजर-लैण्डको लामो परम्परा अनुसार त्यहाँका नागरिकहरूलेनै तिनी-हरूका आफ्ना नेताहरूलाई छान्ने चलन थियो। कालविनले शुरू गरेका एकलेसिया *संगठनले,* एकलेसियाका विश्वासीहरूलाई नै तिनीहरूका आफ्ना अगुवाहरू छान्ने अनुमति दिन्थ्यो र ती

छानिएका अगुवाहरूलेनै क्षेत्रिय र राष्ट्रिय अगुवाहरू छान्ने काम गर्थे। यस्तो खालको *संगठनले* स्थानीय नेतृत्वलाई धेरै शक्ति प्रदान गर्छ।

यूरोपका अन्य भागहरूमा अर्को किसिमको *संगठन* विकास भयो। यी मानिसहरूले विश्वासीहरूको स्थानीय समुदायको अधिकारभन्दा बाहिरको अरू कुनै अधिकार पनि चाहेनन्। तिनीहरूले राष्ट्रिय अगुवाको पनि चाहना गरेनन् र तिनीहरूका राजाहरूसँग पनि कुनै सम्बन्ध राखेनन्। यस्तो किसिमको एकलेसिया संगठनले प्रत्येक व्यक्तिगत एकलेसियालाई धेरै शक्ति प्रदान गर्छ।

प्रत्येक समुदायले यसको आफ्नो तरीकाको निम्ति बाइबल आधारित समर्थन पत्ता लगाउने कोशिश गरेको छ। तिनीहरू सबैले केही मात्रामा पाएका पनि छन्!

एकलेसिया संगठन ठीक यस्तै किसिमको हुनै पर्छ भनी नयाँ नियमले स्पष्टसँग बताएको छैन। संगठनले समुदायको खाँचोलाई चाहिँ पूरा गर्नैपर्छ। आफूले विशेष किसिमको संगठन चाहेकोमा आफू आत्मिक छु भनी कुनै ख्रीष्टियानले विचार गर्छ भने, उसको विचार गलत हो। यो समस्या कोरिन्थको एकलेसियामा पनि प्रकट भएको थियो (१ कोरिन्थी १:१२)। पछि गएर कोरिन्थका विश्वासीहरूले पत्ता लगाए कि एकलेसिया संगठनको महत्वपूर्ण भाग मिलाप र प्रेम हो।

**तपाईंको अभ्यासको निम्ति**

**१०** प्रत्येक ठीक बयानको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।

**क**) वृद्धि भइराखेका एकलेसियाहरूलाई संगठनको आवश्यकता पर्छ।

**ख**) त्यहाँ धेरै किसिमका असल संगठनहरू छन्।
**ग**) संगठनहरूले मानिसहरूका खाँचोलाई पूरा गर्नैपर्छ।
**घ**) संगठनका किसिमभन्दा मिलाप र प्रेम अझ धेरै महत्वपूर्ण कुराहरू हुन्।

**११** के नयाँ नियमले एकलेसिया संगठनको एउटै रूपको बारेमा बताएको छ?

..........................................

तपाईंको क्षेत्रमा एकलेसिया संगठन कस्तो छ पत्ता लगाउनुहोस्। के यसले तपाईंको क्षेत्रको आवश्यकतालाई पूरा गर्ने किसिमले सेवा गरेको छ? यसमा संलग्न भएर यसलाई सहयोग गर्नुहोस्।

## एकलेसियालाई पुनर्जागृत गरियो

मार्टिन लुथरले गरेका सुधारको समयदेखि एकलेसियामा नयाँ जागृतिहरू आएका छन्। वचनबाट पहिले नसिकाइएका सत्यताहरू सिकाउनको निम्ति परमेश्वरले नयाँ जागृतिहरू ल्याउनुभएको छ। यी सबै जागृतिहरूका बारेमा बताउनको लागि यहाँ ठाउँ छैन। त्यसैले दुईवटाको बारेमा मात्र म छोटकरीमा बताउनेछु।

### सुसमाचार प्रचार जागृति

उद्देश्य ६ *जागृति किन आवश्यक छ व्याख्या गर्नुहोस्।*

एकलेसिया समस्याहरू बढिरहेको र नैतिक जीवन पनि पतन भएको समयमा यस्तो अवस्थालाई मिलाउन परमेश्वरले एक जना मानिसलाई बोलाउनुभयो। उनको नाम जोहन वेस्ली थियो। त्यसबेला बेलायतमा धेरै मानिसहरूले आफैलाई ख्रीष्टियान

भन्थे। तिनीहरू एकलेसियाका सदस्य थिए तर तिनीहरू साँचो ख्रीष्टियान भने थिएनन्। तिनीहरूले परमेश्वरको अनुभव गर्नैपर्छ भनी जोहन वेस्लीले प्रचार गरे। प्रचार गर्नको निम्ति भवन नहुँदा उनले बाहिरै बसेर प्रचार गरे। उनी सुसमाचार लिएर सबै तहका मानिसहरूकहाँ पुगे। उनी घोडाको यात्रामा सुसमाचार बोकेर देशको चारैतिर गए। उनले सुसमाचार प्रचारमा मात्र आफूलाई सीमित राखेनन्। उनले पुस्तकहरू लेखे, विद्यालयहरू शुरू गरे र खाँचोमा परेकाहरूलाई सहायता गरे। उनले देशमा आत्मिक परिवर्तन ल्याए। देशमा अपराधको संख्या घट्यो। कुनै क्षेत्रहरूमा जाँड रक्सी पिउने कुरानै हरायो। परिवारमा मिलाप र प्रेम बढ्यो।

**तपाईंको अभ्यासको निम्ति**

**१२** जोहन वेस्लीको समयमा किन आत्मिक जागृतिको खाँचो थियो, वर्णन गर्नुहोस्।

........................................

........................................

तपाईंको क्षेत्रमा भएको आत्मिक खाँचोको बारेमा विचार गर्नुहोस्। के तपाईंको एकलेसियामा जागृतिको खाँचो छ? प्रार्थना गर्नुहोस् ताकि तपाईंको क्षेत्रको निम्ति परमेश्वरले जोहन वेस्ली जस्तै ख्रीष्टियान पठाउनुभएको होस्।

**पेन्टिकोस्टल जागृति**

उद्देश्य ७ *पेन्टिकोस्टल जागृतिमा के फरक छ वर्णन गर्नुहोस्।*

उन्नाइसौं शताब्दीमा नयाँ ठाउँहरूमा सुसमाचार प्रचार गर्नको लागि एकलेसियाले धेरै मानिसहरूलाई पठाएको थियो। अमेरिका र यूरोपबाट गएका मिशनरी (प्रचारक) हरूले अफ्रिका, एशिया र समुद्री टापूहरूमा नयाँ एकलेसियाहरू स्थापना गरे।



बिसौं शताब्दीको शुरूमा परमेश्वरले एकलेसियामाथि आफ्ना पवित्र आत्मा खन्याउनुभयो। संसारका विभिन्न भागहरूमा एकैपल्ट यस्तो घटना भएको थियो। पेन्तिकोसको दिनमा शुरूका चेलाहरूले गरे जस्तै अनुभव धेरै खीष्टियानहरूले पनि गरे। तिनीहरूले पवित्र आत्माका वरदानहरू र साक्षी दिनसक्ने शक्ति प्राप्त गरे। यस जागृतिलाई पेन्टिकोस्टल जागृति भनिन्छ। यो जागृति सारा संसारभरि फैलिएको छ। करीब ई.सं. १९५० पछि यो अनुभव विश्वासीहरूका विभिन्न समुदायमा भएको प्रतिवेदन प्राप्त भएको छ। म विश्वास गर्छु कि खीष्टको आगमनको निम्ति एकलेसियालाई तयार पार्न यस जागृतिले सहायता पुऱ्याइरहेको छ।

**तपाईंको अभ्यासको निम्ति**

**१ ३** पेन्टिकोस्टल जागृतिलाई चिनाउने आत्मिक अनुभव कुन हो?

.........................................

तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्।

एकलेसियाको यस छोटो इतिहासले तपाईंलाई सहायता पुऱ्याएको छ भन्ने कुरामा म आशावादी छु। कुनै बेला एकलेसियाको कथा आनन्ददायक थिएन। एकलेसियाले कहिलेकहीं परमेश्वरलाई महिमा नहुने काम गरेको थियो। हामीले विगत दिनका घटनाहरूबाट सिक्नुपर्छ। हामीले उही भूलहरूलाई फेरि दोहोऱ्याउनु हुँदैन। अरू संगठनका ख्रीष्टियानहरूसँग पनि हाम्रो राम्रो समझदारी हुनुपर्छ। संगठनहरू फरक फरक हुनसक्छन्, तर हामीहरू सबै ख्रीष्टकै हौं।

ख्रीष्टियानको निम्ति अगुवाइ इतिहासबाट मात्र होइन तर पूरै बाइबलबाट आउँछ। एकलेसियाको बारेमा बाइबलले के भन्छ भन्ने कुरा हामी अर्को पाठमा हेर्नेछौं। तर हामीले यस पाठलाई छोड्नुभन्दा पहिले, हामी प्रार्थना गरौं कि हाम्रो स्थानीय क्षेत्रमा भएको परमेश्वरको एकलेसियामा काम गर्नलाई उहाँले हामीलाई प्रयोग गर्नुभएको होस्।

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

१३ पवित्र आत्माले भरिनु

१ **क**) पेन्तिकोसको दिनमा
**ख**) त्यहाँ आवाज आयो र आगोका जिब्राहरू देखापरे।
**ग**) तिनीहरू सबै पवित्र आत्माले भरिए र अन्य भाषाहरूमा बोल्न लागे।

१२ विश्वासै नगर्नेहरू पनि एकलेसिया सदस्यहरू थिए। नैतिक जीवन पतन भएको थियो।

२ कोही कोहीले विश्वासीहरूको हाँसो गरे।

११ सिकाउँदैन। एकलेसिया संगठनको विभिन्नतालाई बाइबलले अनुमति दिएको छ।

३ "तपाईंहरूले क्रूसमा टाँग्नुभएको येशू नै उहाँ हुनुहुन्छ" भनी उनले भने।

१० यी सबै बयानहरू ठीक छन्।

४ **क**) तिनीहरूले प्रेरितहरूबाट सिके।
**ख**) तिनीहरूले एकैसाथ प्रार्थना गरे।
**ग**) तिनीहरू संगति गर्थे।
**घ**) तिनीहरू एकैसाथ खान्थे।

९ (कुनै पनि क्रममा):
विश्वास मात्र
धर्मशास्त्र मात्र
अनुग्रह मात्र

५ यो वृद्धि भयो।

८ किनभने शिक्षा र व्यवहारमा धेरै भूलहरू थिए।

६ **ख**) यसले अझै ठूलो सहायता, सुरक्षा र एकता प्रदान गर्ने हुनाले।

७ **ग**) मानिसका खाँचोहरूलाई सेवा पुऱ्याउनु पर्छ भनी एकलेसियाले भुल्यो।

# पाठ ३

# एकलेसिया के हो

येशूले भन्नुभयो, "म मेरो एकलेसिया यस चट्टानमाथि स्थापित गर्नेछु" (मतियोस १६:१८)। एकलेसिया शब्दको अर्थ उहाँले के दिनुभएको थियो? यस शब्दद्वारा उहाँका चेलाहरूले के बुझेका थिए?

हाम्रो यस अध्ययनमा एकलेसिया शब्द धेरै पल्ट प्रयोग गरिएको तपाईंले भेट्टाउनुभएकै होला। यसलाई विभिन्न किसिमले प्रयोग गरिएको छ। हामीले पाठ १ मा "परमेश्वरका मानिसहरू" को अर्थ दिन एकलेसिया शब्द प्रयोग गरेका थियौं। हामीले पाठ २ मा दृश्य संगठनको निम्ति यही एकलेसिया शब्द प्रयोग गरेका थियौं। दुवै प्रयोगहरू ठीक छन्।

हाम्रो दैनिक बोलिचालिमा धेरैपल्ट हामी बाइबलका शब्दहरू प्रयोग गर्छौं। हामीले बाइबल आधारित अर्थ थाह नपाइकन पनि यस किसिमले शब्दको प्रयोग गरेका हुनसक्छौं। अर्थ चाहिँ सन्दर्भ वा शब्द प्रयोग भएको पृष्ठभूमिमा भरपर्छ। यसकारण बाइबलको सन्दर्भमा एकलेसिया शब्दको अर्थ के हुन्छ सो थाह पाउनु अति महत्वपूर्ण छ।

यस पाठमा हामी बाइबललाई प्रयोग गर्नेछौं। तपाईंले बाइबलका धेरै खण्डहरूको अध्ययन गर्नुहुनेछ। हामीकहाँ बाइबल ल्याउनको लागि धेरै मानिसहरूले आफ्नो जीवन दिएको

कुरा यसभन्दा पहिलेको पाठमा मैले उल्लेख गरेका थिइन। म बसेको ठाउँ नजीकै एउटा ढुङ्गामा चिन्ह खोपिएको छ, जहाँ एक जना मानिसलाई मारिएको थियो। उनको अपराध चाहिँ उनका आफ्ना मानिसहरूका भाषामा उनले बाइबल चाहेका थिए। परमेश्वरले आफ्नो वचनको सुरक्षा गर्नुभएको छ। अब हामी यस वचनलाई अध्ययन गरौं।



**यस पाठमा तपाईंले यी कुराहरूको अध्ययन गर्नुहुनेछ. . .**

एकलेसिया शब्दको अर्थ
एकलेसियाको स्वभाव
एकलेसियाका सम्बन्धहरू

**यस पाठले तपाईंलाई यी कुराहरूमा सहायता पुऱ्याउनेछ. . .**

- एकलेसिया शब्दको बाइबल आधारित अर्थलाई बुझ्न।
- विश्वव्यापी एकलेसियासँग स्थानीय एकलेसियाको सम्बन्ध देखाउन।
- एकलेसियाको अलौकिक स्वभावको व्याख्या गर्न।

## एकलेसिया शब्दको अर्थ

उद्देश्य १ *ग्रीक, यहूदी र ख्रीष्टियान सन्दर्भमा एकलेसिया शब्दको परिभाषा दिनुहोस्।*

ग्रीक नयाँ नियम संसारको भाषा थियो। पौलसले ग्रीक भाषामानै एकलेसियाहरूलाई विभिन्न पत्रहरू लेखेका थिए। त्यस बेला एकलेसिया शब्दको अर्थ के थियो त? एकलेसिया शब्दको अर्थ "समुदाय" हो। पौलसको समयमा दुई साना शब्दहरूद्वारा यो शब्दको निर्माण गरिएको थियो। ती दुईवटा शब्दहरूको अर्थ "बाहिर बोलाइएकाहरू" हुन्थ्यो। बाइबल समयमा नागरिकहरूको समुदायलाई एकैसाथ बोलाउँदा यही शब्द प्रयोग गरिन्थ्यो। नागरिकहरू केही राजनीतिक वा सैनिक समस्याहरूको छलफल गर्न भेला हुन्थे। एकैसाथ मिलेर लडाइँ गर्न सैनिकलाई बोलाउँदा पनि यो शब्द प्रयोग गरिन्थ्यो। नियम बनाउने समूहको बारेमा बताउँदा पनि यो शब्दनै प्रयोग गरिन्थ्यो। एकलेसिया शब्द आज धेरै धार्मिक जस्तो सुनिन्छ। तर त्यसबेला धार्मिक सभाहरूका निम्ति यो शब्द कहिल्यै प्रयोग गरिएको थिएन।

### तपाईंको अभ्यासको निम्ति

**१** प्रेरित १६:२३-४१ मा पौलस एफिससमा गएको घट्नालाई पढ्नुहोस्। ३२, ३६, र ४१ पदहरूमा समुदाय वा सभा शब्द प्रयोग भएको पाइन्छ। यो कस्तो किसिमको सभा थियो? एकलेसिया वा समुदाय लेख्नुको सट्टा तपाईंको बाइबलमा प्रयोग भएका शब्दहरू लेख्नुहोस्।

**क**) पद ३२

**ख**) पद ३६

**ग**) पद ४१

**२** यिनीहरूमध्ये कुनचाहिँ परिभाषाले ग्रीक भाषाअनुसार सभा वा समुदायको अर्थ दिँदैन?

**क**) राजनीतिक भेला
**ख**) सैनिक जमघट
**ग**) धार्मिक सभा
**घ**) नागरिकहरूको सभा

तपाईंलाई थाहै छ, कि बाइबल मुख्य दुई भागमा विभाजित भएको छः पुरानो र नयाँ करार। पुरानो करारमा यहूदीहरूलाई परमेश्वरका मानिस भनिन्थ्यो। अब्राहाम र दाऊदजस्ता धेरै यहूदीहरूले परमेश्वरमा विश्वास गरे र उहाँको आज्ञापालन गरे। तिनीहरूका जीवन-कथा पुरानो नियममा पाइन्छ। तिनीहरूका जीवनको बारेमा पढेर हामी धेरै कुरा सिक्नसक्छौं।

यद्यपि, येशूको समयमा धेरै यहूदीहरूले परमेश्वरको आज्ञा पालन गरेनन्। तिनीहरूले उहाँको वचनको अध्ययन पनि गरेनन्। यी मानिसहरूलाई सहायता पुऱ्याउनको निम्ति पुरानो करारको एक विशेष अनुवाद तयार गरिएको थियो। यसअनुवादमा १०० पल्ट जतिनै एकलेसिया वा सभा शब्द प्रयोग गरिएको थियो। कहिलेकहीं यो शब्द अन्य भेलाहरूको निम्ति प्रयोग गरिएको थियो भने अरू समयहरूमा धार्मिक सभाहरूको निम्ति पनि प्रयोग गरिन्थ्यो। ख्रीष्टियानहरूले एकलेसिया शब्द प्रयोग गर्नथाले-पछि, यहूदीहरूले यो शब्द प्रयोग गर्न छोडे। ख्रीष्टियानहरू भेलाहुने ठाउँलाई एकलेसिया भनियो। यहूदीहरू भेला हुने ठाउँलाई



सभाघर भनियो। येशूमा विश्वास गर्ने यहूदीहरूलाई प्रायजसो सभाघरहरूबाट निकालिन्थ्यो। (उदाहरणः योआनेस ९:२२ पढ्नोस्)

**तपाईंको अभ्यासको निम्ति**

**३** यहूदीहरूले एकलेसिया शब्द के को अर्थ दिएर प्रयोग गरेका थिए?

**क**) धार्मिक भेला

**ख**) सांसारिक भेला

**ग**) कित धार्मिक वा सांसारिक भेला

**४** प्रेरित ७:३८ मा यस शब्दको प्रयोगको उदाहरण पाइन्छ। ख्रीष्टियान बनेका यहूदी स्तिफनसले यो शब्द प्रयोग गरेका थिए। उजाडस्थानमा को 'सभा' एकलेसियामा थिए? प्रेरित ७:३८ पढ्नुहोस् र तपाईंको जवाफ दिनुहोस्।

..............................................

नयाँ नियममा १०० पल्टभन्दा बढी एकलेसिया शब्द पाउन सकिन्छ। यो शब्द प्रायजसो सबै पुस्तकहरूमा पाइन्छ। ख्रीष्टियानहरूले आफ्नो भेलाहरूलाई "एकलेसिया" वा "सभा" भन्दा तिनीहरूले राजनीतिक वा सैनिक भेलाको अर्थ दिएका थिएनन्। शुरूको एकलेसियाका धेरै व्यक्तिहरू यहूदीनै भए पनि ख्रीष्टियानहरूले यस सभालाई यहूदी भेला भन्ने अर्थ दिएका थिएनन्। परमेश्वरद्वारा बाहिर बोलाइएका मानिसहरू भन्ने अर्थ तिनीहरूले दिएका थिए। एकलेसिया भनेको येशू ख्रीष्टमा विश्वासद्वारा उद्धार पाएका मानिसहरूको समुदाय भन्ने अर्थ तिनीहरूले दिएका थिए। यस पाठ्यक्रम भरि प्रयोग गरिएको यस ख्रीष्टियान शब्दको बारेमा म अझै व्याख्या गर्नेछु।

**तपाईंको अभ्यासको निम्ति**

**५** ख्रीष्टियानहरूले एकलेसिया शब्दको के अर्थ लगाएका छन्?

.......................................................................

## एकलेसियाको स्वभाव

उद्देश्य ४ *विश्वव्यापी एकलेसियासँग स्थानीय एकलेसियाको कस्तो सम्बन्ध छ उल्लेख गर्नुहोस्।*

*एकलेसिया* शब्दको अर्थ ख्रीष्टमा विश्वास गर्नेहरू सबैको स्थानिय सभा हो। नयाँ करारमा यसले प्रायजसो कुनै एकलेसियाको अर्थ दिन्छ। उदाहरणको लागि "थेसलोनिकामा भएको एकलेसियाका मानिसहरूलाई" भन्ने पौलसको अभिवादन्लाई हेर्नुहोस् (१ थेसलोनिकी १:१)। बाइबलले कहिलेकहीं सम्बोधन गरेको छ कि यस्ता खालका जमघटहरू कुनै एक क्षेत्रमा भेला हुन्थे। उदाहरणको लागि, "यहूदियामा भएका एकलेसियाहरू" (गलाती १:२२)।

अरू बेलामा कुनै ठूलो कुराको सम्बोधन गर्नलाई *एकलेसिया* शब्द प्रयोग गरिएको थियो। यसको अर्थ *विश्वव्यापी* एकलेसिया हुन्छ। यो सभा वा भेला होइन, तर सभामा *सहभागी* भएकाहरू हो। (प्रेरित ८:१-३ हेर्नुहोस्।) विश्वासीहरूले सतावट पाएर तितर-बितर हुँदा, तिनीहरू एकलेसियाका अङ्गनै थिए। मतियोस १६:१८ मा *विश्वव्यापी* एकलेसियाको निर्माणको बारेमा येशूले बताउनुभएको थियो जुनचाहिं ख्रीष्टमा भएका सारा संसारका विश्वासीहरूको झूण्ड हो।



यसरी हामी देख्छौं कि एकलेसिया एक जातिका मानिसहरूबाट मात्र होइन, तर सबै जातिका मानिसहरूबाट बनेको हुन्छ। एकलेसिया एक देशका मानिसहरूबाट मात्र होइन तर सबै देशका मानिसहरूबाट बनेको हुन्छ। गलाती ३:२८ मा हामी यसरी पढ्छौं:

> अब नता यहूदी छ न ग्रीक, न कमारा छ न फुक्का, नता पुरुष न स्त्री छ, किनभने ख्रीष्ट येशूमा तिमीहरू सबै एउटै हौ।

---

**तपाईंको अभ्यासको निम्ति**

**६** तल दिइएका खण्डहरूलाई पढ्नुहोस्। यसले स्थानीय भेला वा विश्वव्यापी एकलेसिया कुनचाहिँको सम्बोधन गर्छ उल्लेख गर्नुहोस्।

**क)** १ कोरिन्थी ४:१७ ................................

................................

**ख)** २ थेसलोनिकी १:१ ................................

................................

**ग)** कलस्सी १:१८ ................................

................................

**घ)** एफिसी ३:८-१० ................................

................................

ङ) एफिसी ३:२०-२१ ................................
.....................................
च) २ कोरिन्थी ११:८ ................................
.....................................

७ विश्वव्यापी एकलेसियासँग स्थानीय एकलेसिया कसरी सम्बन्धित छ? ................................
.....................................

## एकलेसियाका सम्बन्धहरू

उद्देश्य ५ *त्रित्वको प्रत्येक व्यक्ति (पिता, पुत्र र पवित्र आत्मा) सँग भएको एकलेसियाको सम्बन्धको व्याख्या गर्नुहोस्।*

हामीले हेरिसकेका छौं कि बाइबल समयमा एकलेसिया शब्द धार्मिक शब्द थिएन। विश्वासीहरूले एकलेसियालाई कसरी सम्बोधन गरेका थिए त?

शुरूका ख्रीष्टियानहरूले तिनीहरूको आफ्नो भाषामा सभालाई एक्लेसिया भन्थे जसको अर्थ परमेश्वरका जनहरूको भुण्ड वा सभा हुन्थ्यो। मानिसहरू परमेश्वरद्वारा बोलाइएका हुन्थे। यो परमेश्वरको सभा थियो। "परमेश्वर पिता र प्रभु येशू ख्रीष्टमा भएका थेसलोनिकीहरूका एकलेसियालाई" भनी पौलसले सम्बोधन गरेका थिए। यसरीनै उनले कोरिन्थको एकलेसियालाई लेखे, "कोरिन्थमा भएका परमेश्वरको एकलेसियालाई जो ख्रीष्ट येशूमा पवित्र भएको छ, र तिनीहरूका साथसाथै हरेक स्थानमा सन्त हुनलाई बोलाइएकाहरू सबैलाई, जुनहरूले प्रभु येशू ख्रीष्टका नाउँको पुकारा गर्दछन्, जो तिनीहरू र हाम्रा प्रभु हुनुहुन्छ" (१ कोरिन्थी १:२)।

**तपाईंको अभ्यासको निम्ति**

**८** एकलेसिया कसको हो भन्ने कुरा तल दिइएका प्रत्येक पदहरूले बताउँछन्। प्रत्येक पद पढ्नुहोस्। तब प्रत्येक खण्डमा प्राप्त भएको एकलेसियाको वर्णन लेख्नुहोस्।

**क**) २ थेसलोनिकी १:१ ........................

..........................................

**ख**) गलाती १:३ ..............................

..........................................

**ग**) १ कोरिन्थी ११:१६ ........................

..........................................

एकलेसियालाई परमेश्वरद्वारा येशू ख्रीष्टमा बोलाइएको छ। कोरिन्थको एकलेसियालाई पौलसले लेखेका थिए, "परमेश्वर विश्वासयोग्य हुनुहुन्छ, जसद्वारा उहाँका पुत्र हाम्रा प्रभु येशू ख्रीष्टको सङ्गतिमा तिमीहरू बोलाइयौ (१ कोरिन्थी १:९)। कुनै बेला एकलेसियालाई "ख्रीष्टको एकलेसिया" भनी सम्बोधन गरिएको छ। (उदाहरणको लागि रोमी १६:१६ हेर्नुहोस्।) येशूले भन्नुभयो, "म मेरो एकलेसिया यस चट्टानमाथि स्थापित गर्नेछु," (मतियोस १६:१८)। पौलसले ख्रीष्टको बारेमा यसो भने, "उहाँ स्वयम् त्यसको मुक्तिदाता हुनुहुन्छ" (एफिसी ५:२३)। तब उनले यसमा अझै थपे, "जसरी ख्रीष्टले पनि एकलेसियालाई प्रेम गर्नुभयो, र त्यसको निम्ति आफूलाई अर्पण गर्नुभयो" (एफिसी ५:२५)।

ख्रीष्टियानहरू "ख्रीष्टमा" छन् भनी बताइन्छ। ख्रीष्टियानहरू ख्रीष्टको मृत्युमा उहाँसँग परिचित गराइएका छन् (रोमी ६:६)।

हामी "ख्रीष्टमा" भएका हुनालेनै कष्ट भोग्छौं (रोमी ८:१७; २ तिमोथियस २:१२)।

**तपाईंको अभ्यासको निम्ति**

**९** रोमी ८:१७ र २ तिमोथियस २:१२ फेरि पढ्नुहोस्। "ख्रीष्टमा" संकष्ट भोग्नेहरूलाई केको प्रतिज्ञा गरिएको छ?

..............................................

**१०** तल दिइएको प्रत्येक प्रश्नलाई एउटा शब्दमा उत्तर दिनुहोस्।

**क**) कसले एकलेसियालाई बोलाउँछ? ..................

**ख**) विश्वासीहरू ........................ मा छन्।

पवित्र आत्माले एकलेसियालाई अलौलिक (आत्मिक) स्वभाव दिनुहुन्छ। पवित्र आत्माको कारणलेनै एकलेसिया सबै मानवीय सभाहरूभन्दा फरक छ। पवित्र आत्मा चिनिनु भएको ठाउँमा एकलेसियालाई देख्नसकिन्छ। एकलेसियाको शक्ति वा जीवन मानवीय होइन तर आत्मिय हो।



## तपाईंको अभ्यासको निम्ति

**१ १** तल दिइएको प्रत्येक खण्डलाई पढ्नुहोस्। पवित्र आत्माले एकलेसियाको निम्ति के गर्नुहुन्छ सो लेख्नुहोस्।

**क**) फिलिप्पी २:१ ..............................

**ख**) प्रेरित १:८ ..............................

**ग**) १ कोरिन्थी १२:८-१२ ..............................

**घ**) एफिसी ४:३-४ ..............................

तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्।

परमेश्वरले हामीलाई आफ्नो एकलेसियाको अङ्ग हुनको लागि बोलाउनुभएको हुनाले हामीले उहाँको प्रशंसा गर्नैपर्छ। परमेश्वरले एकलेसियालाई बोलाउनुभयो र यो ख्रीष्टसँग परिचित भएको छ र पवित्र आत्माले भरिएको छ। परमेश्वरको एकलेसिया दुवै स्थानीय र विश्वव्यापी हुन्छ। सबै ठाउँका विश्वासीहरूले उही एउटै ख्रीष्टलाई प्रेम गर्छन्। "यहूदी वा ग्रीक, कमारो वा फुक्का, हामी सबैलाई एउटै पवित्र आत्माबाट पिउन दिइयो" (१ कोरिन्थी १२:१३)।

एकलेसिया के हो? यो विश्वासीहरूको आत्मिक संगति हो। यसले नयाँ करारका दिनहरू देखिनै यो सत्यतालाई देखाएको छ। तपाईंको क्षेत्र र तपाईंको देशमा परमेश्वरको यो साक्षी हो।

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

११ **क**) आत्माले संगति दिनुहुन्छ।
**ख**) आत्माले साक्षीको निम्ति शक्ति दिनुहुन्छ।

**ग**) आत्माले आत्मिक वरदानहरू दिनुहुन्छ।
**घ**) आत्माले एकता ल्याउनुहुन्छ।

९ **क**) सभा
**ख**) नियमानुसार सभा
**ग**) सभा

१० **क**) परमेश्वर (पिता)
**ख**) ख्रीष्ट

२ **ग**) धार्मिक सभा

६ तिनीहरूले ख्रीष्टसँग राज्य गर्नेछन्।

३ **ग**) कि त धार्मिक, कि अन्य सभाहरू

८ **क**) "हाम्रा परमेश्वर पिता र प्रभु येशू ख्रीष्टको एकलेसिया।"
**ख**) "परमेश्वरको एकलेसिया।"
**ग**) "परमेश्वरका एकलेसियाहरू।"

४ इस्राएलका मानिसहरू

७ स्थानीय एकलेसियाको निर्माण गर्ने ख्रीष्टियानहरू ख्रीष्टको शरीर वा विश्वव्यापी एकलेसियाका अङ्गहरू हुन्।

५ विश्वासीहरूको समुदाय

६ **क**) स्थानिय (हरेक एकलेसिया)
**ख**) स्थानिय (थेसलोनिकामा भएको एकलेसियाका मानिसहरू)
**ग**) विश्वव्यापी (उहाँ शरीर अर्थात् एकलेसियाका शिर हुनुहुन्छ)
**घ**) विश्वव्यापी (एकलेसियाको माध्यमद्वारा)
**ङ**) विश्वव्यापी (एकलेसियामा महिमा)
**च**) स्थानीय (अन्य एकलेसियाहरूद्वारा सहायता पुऱ्याइएको)

पाठ ४

# परमेश्वरको एकलेसियाको एक अङ्ग म कसरी बन्नसक्छु

एकलेसियाको विगत दिनको बारेमा हामीले धेरै अध्ययन गरिसक्यौं। परमेश्वरले आफ्नो योजना कसरी सञ्चालन गर्नुभयो भन्ने बारेमा हामीले हेरेका छौं। हामीले *एकलेसिया* शब्दको अर्थको पनि अध्ययन गऱ्यौं। अब हामी वर्तमान समयको बारेमा हेर्न तयार भएका छौं। हामी विगत दिनहरूमा जिउँदैनौं। हामी विचारहरूका संसारमा पनि जिउँदैनौं। हामी आज जिउँछौं।

विगत दिनको अर्थ मलाई के हुन्छ? एकलेसियाको अर्थले मलाई के असर पार्छ? यस पाठमा हामी एकलेसिया र *तपाईंलाई* हेर्नेछौं। यो एक व्यक्तिगत पाठ हो। यो यस पुस्तकको सबैभन्दा महत्वपूर्ण भाग हुनसक्छ। यस पाठमा प्रस्तुत गरिएका सत्यता थाह नपाएका हुनाले धेरै मानिसहरूले समस्याहरू भोग्नुपरेको छ। एकलेसियाले सत्यता बुझेन भने त्यहाँ धेरै समस्याहरू खडा हुन्छन्। तलका पृष्ठहरूलाई ध्यानपूर्वक अध्ययन गर्नुहोस्।

हुनसक्छ, मैले तपाईंलाई कहिल्यै भेटेको छैन होला, र तपाईंले पनि मलाई कहिल्यै देख्नुभएको छैन होला। तर यदि तपाईंले प्रभु येशू ख्रीष्टलाई आफ्ना मुक्तिदाताको रूपमा स्वीकार गर्नुभएको छ भने, हामीहरू दुवै जना, एकलेसियाका सदस्यहरू हौं। परमेश्वरको अनुग्रहद्वारा कुनै दिन हामीले एक अर्कालाई

भेट्नेछौं। हामी स्वर्गमा एकैसाथ हुनेछौं! परमेश्वरले ख्रीष्टमा हामीलाई दिनुभएको अनुग्रहको निम्ति हामी एकैसाथ स्वर्गमा उहाँलाई प्रशंसा गर्नेछौं। हामीले उहाँको एकलेसियाको स्वभावलाई अझै पूर्ण रूपमा बुझ्नेछौं।



**यस पाठमा तपाईंले यी कुराहरूको अध्ययन गर्नुहुनेछ. . .**

मानिसको जिम्मेवारी
उद्धारमा परमेश्वरको कार्य
आफ्ना मानिसहरूका निम्ति परमेश्वरले दिनुभएका नामहरू

**यस पाठले तपाईंलाई यी कुराहरूमा सहायता पुऱ्याउनेछ. . .**

- परमेश्वरको एकलेसियाको अङ्ग बन्नको निम्ति मानिसले गर्नै पर्ने तीन कुराहरूको सूची बताउन।
- मानिसहरूलाई आफ्नो एकलेसियाको अङ्ग बनाउनको लागि परमेश्वरले के गर्नुहुन्छ सो व्याख्या गर्न।
- विश्वासीहरूका निम्ति बाइबल आधारित चार शब्दहरूलाई ठीक किसिमले प्रयोग गर्न।

## मानिसको जिम्मेवारी

उद्देश्य १ *पश्चात्ताप, जीवन-परिवर्तन र विश्वास शब्दहरूको बाइबल आधारित अर्थलाई व्याख्या गर्नुहोस्।*

**पश्चात्ताप**

परमेश्वरले आफ्नो एकलेसियाको निम्ति गर्नुहुने केही उदेकका कुराहरूलाई हामीले हेरिसकेका छौं। छाडिनु चाहिँ बडो डरलाग्दो हुनेछ। परमेश्वरको एकलेसियाको अङ्ग हुन तपाईंले के गर्नै पर्छ?

पहिलो, बाइबलले हामीलाई बताउँछ कि हामीले *पश्चात्ताप* गर्नैपर्छ। पश्चात्ताप गर्नु भनेको "तपाईंको मन, तपाईंको विचार गर्ने तरीका र तपाईंको स्वभावलाई परिवर्तन गर्नु हो। पश्चात्ताप गर्दा एक व्यक्तिले आफ्नो विगत दिनलाई हेर्छ। उसले आफ्ना भूलहरूका निम्ति *दुःख प्रकट गर्छ* र त्यसबाट बदलि हुने निर्णय गर्छ। पश्चात्ताप भनेको "स्वार्थ" लाई केन्द्रबाट हटाएर परमेश्वरलाई त्यस ठाउँ दिनु हो। पौलसले यसलाई यसरी बताएका छन्, "तर जति कुरा मेरो निम्ति लाभदायक थिए, ती त मैले ख्रीष्टको खातिर हानि नै ठानें" (फिलिप्पी ३:७)। आफ्ना पितालाई त्यागेर आफ्नो सम्पत्ति र आफ्नो जीवनलाई बर्बादी गर्ने एक जवान व्यक्तिको बारेमा येशूले एक उदेकको कथा भन्नुभएको छ। ती जवान व्यक्तिले पश्चात्ताप गरी आफ्ना पिताका घरमा फर्कि आए। आफूले गरेको दुष्ट कामको निम्ति उनलाई दुःख लाग्यो र उनले आफ्नो जीवन परिवर्तन गर्ने निर्णय गरे। साँचो पश्चात्ताप त्यही नै हो (लूकास १५:११-३२)।



**तपाईंको अभ्यासको निम्ति**

१. तल दिइएका प्रत्येक खण्डलाई पढ्नुहोस्। यी पदहरूको मुख्य विषयवस्तु लेख्नुहोस्।

**क**) मतियोस ३:२ ........................

**ख**) मतियोस ४:१७ ........................

**ग**) प्रेरित २:३८ ........................

२ *पश्चात्ताप* शब्दको परिभाषा आफ्नै शब्दहरूमा लेख्नुहोस्।

........................................

**जीवन परिवर्तन**

*जीवन परिवर्तन* शब्द नयाँ नियममा ४० पल्ट भेट्टाइएको छ। यसको अर्थ "फर्कने कार्य" हो। प्रेरितको पुस्तकमा यो धेरैपल्ट प्रयोग गरिएको छ। 'प्रभुमा' वा "परमेश्वरमा" जीवन परिवर्तन भनी बाइबलका धेरै पदहरूमा उल्लेख गरिएको छ (प्रेरित ९:३५; ११:२१; १५:१९)। एक व्यक्ति पुरानो (पश्चात्ताप) *कुराबाट नयाँ* (जीवन परिवर्तन) *कुरामा* फर्कनै पर्छ। उसले आफैलाई परमेश्वरकहाँ अर्पण गर्नुपर्छ।



यो *केही कुरालाई छोडेर* केही *अर्को कुरातर्फ* फर्कनु हो। पौलसले थिस्सलोनिकाको एकलेसियालाई यसो भनेका छन्: "किनकि जुन किसिमले हाम्रो स्वागत तिमीहरूकहाँ भयो, अनि जीवित र साँचो परमेश्वरको सेवा गर्न तिमीहरू मूर्तिहरूबाट परमेश्वर-तर्फ फर्क्यौ, सो त मानिसहरूले नै बताउँछन्'' (१ थेसलोनिकी १:९)

**तपाईंको अभ्यासको निम्ति**

**३** तल सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस्:

**क**) जीवन परिवर्तनको अर्थ के हो? ................

................................................................

**ख**) मानिसहरू के कुराहरूबाट फर्कनै पर्छ? ............

................................................................

**ग**) मानिस कसकहाँ फर्कनु पर्छ? ..................

................................................................

## विश्वास

*विश्वास* गर्नु भनेको केही कुरामा "भरोसा राख्नु'' वा "निश्चित हुनु'' हो। बाइबलले बताउँछ, "अब्राहामले परमप्रभुमाथि विश्वास गरे, र यसै कारणले गर्दा परमेश्वर उनीसँग खुशी हुनुभयो र उनलाई स्वीकार गर्नुभयो'' (उत्पत्ति १५:६)। नयाँ करारले पनि यिनै शब्दहरूलाई उद्धृत गर्छ, तर यसले केही थप्छ, "पवित्रशास्त्रले बताउँछ कि परमेश्वरले विश्वासद्वारानै अन्यजातिहरूलाई आफूसँग मिलापमा ल्याउनुभएको छ''। विश्वास र भरोसा अर्थमा उस्तै छन्।

ख्रीष्टमा विश्वास राख्नु भनेको उहाँलाई भेट्नु, उहाँलाई प्रेम गर्नु र उहाँमाथि भरोसा राख्नु हो। यसको अर्थ उहाँको आज्ञा पालन गर्नु र उहाँमा विश्वासयोग्य भएर रहनु हो। विश्वास निष्कृय छैन। विश्वास परमेश्वरमा *सक्रिय* भरोसा हो। हाम्रा कामहरूबाट हाम्रो विश्वास देखाइन्छ।



**तपाईंको अभ्यासको निम्ति**

४ झ्यालखानका हाकिमले पौलस र सिलासलाई सोधे, "हजूरहरू हो, उद्धार पाउनलाई मैले के गर्नुपर्छ?" यस प्रश्नको उत्तर लेख्नुहोस्। त्यसपछि दिइएको उत्तर भेट्टाउनलाई प्रेरित १६:३०-३१ पढ्नुहोस्। ...........

.....................................................

५ तपाईंका आफ्नै शब्दहरूमा *विश्वासको* परिभाषा दिनुहोस्।

.....................................................

पश्चात्ताप, जीवन परिवर्तन, र विश्वास नजीकतामा सम्बन्धित छन्। तिनीहरू उही अनुभवका तीन भागहरू हुन्। के तपाईंले साँचो पश्चात्ताप गरेर जीवन परिवर्तनको अनुभव गर्नुभयो? के तपाईंले ख्रीष्टमा विश्वास गर्नुभएको छ? यदि

तपाईंले अहिलेसम्म यसो गर्नुभएको छैन भने, अहिलेनै विश्वासद्वारा ख्रीष्टलाई ग्रहण गर्नुहोस्। परमेश्वरको एकलेसियामा प्रवेश गर्ने यो एकमात्र उपाय हो।

## उद्धारमा परमेश्वरको कार्य

अहिलेसम्म यस पाठमा, परमेश्वरमा आउनको निम्ति मानिसले दिनुपर्ने प्रतिक्रियाको बारेमा तपाईंले हेरिसक्नुभयो। तरै पनि परमेश्वरको सहायता विना मानिसले आफ्नो यो जिम्मेवारीलाई पूरा गर्न सक्तैन। परमेश्वरले मानिसहरूलाई एकलेसियामा ल्याउनुहुन्छ। लूकासले एकलेसियाको बारेमा यसो भनेका छन्, "उद्धार पाउनेहरूलाई प्रभुले दिनदिनै तिनीहरूको सङ्ख्यामा थपिदिनुहुन्थ्यो" (प्रेरित २:४७)।

### नयाँ जन्म

उद्देश्य २ *एक व्यक्तिले नयाँ जन्म पाउँदा के हुन्छ, उल्लेख गर्नुहोस्।*

शारीरिक जन्मद्वारा मानिसहरू ख्रीष्टियान बन्दैनन्। *नयाँ जन्मद्वारा* मात्र मानिसहरू ख्रीष्टियान बन्छन्। निकोदेमससँग कुरा गर्दा, नयाँ गरी जन्मनु कति आवश्यक छ भनी येशूले स्पष्ट पार्नुभयो (योआनेस ३:३-७)। येशूले भन्नुभयो, "शरीरबाट जन्मेको शरीर हो, र पवित्र आत्माबाट जन्मेको आत्मा हो" (योआनेस ३:६)। पौलसले यही सत्यतालाई दोहोऱ्याएका छन्, "मासु र रगत स्वर्गका राज्यको हकदार हुन सक्दैन, नता विनाश अविनाशको हकदार हुन सक्छ" (१ कोरिन्थी १५:५०)।

हो, तपाईं नयाँ गरी जन्मनुभएको परमेश्वर चाहनुहुन्छ। तपाईंले नयाँ गरी शुरू गरेको उहाँ चाहनुहुन्छ। बाइबलले



यसलाई *नयाँ जन्म* भनेको छ। जसरी तपाईं मानवीय परिवारमा जन्मनुभयो त्यसैगरी आत्मिक रूपमा तपाईं परमेश्वरको परिवारमा जन्मनै पर्छ।

**तपाईंको अभ्यासको निम्ति**

**६** नयाँ गरी जन्मँदा एक व्यक्तिको जीवनमा के हुन्छ? .....

.........................................................

**नयाँ स्वभाव**

उद्देश्य ३ *नयाँ स्वभावलाई परिभाषित गर्नुहोस्।*

तपाईं विशेष स्वभाव लिएर जन्मनुभएको थियो। तपाईं नयाँ गरी जन्मनुभएपछि तपाईंले नयाँ स्वभाव पाउनुहुनेछ। तपाईंले परमेश्वरको स्वभाव प्राप्त गर्नुहुनेछ। विश्वासीहरूका बारेमा बताउँदा पत्रसले यसो भनेका छन्, "यस संसारका कुइच्छाबाट आउने भ्रष्टताबाट उम्केर तिमीहरू ईश्वरीय स्वभावका सहभागी होओ" (२ पत्रस १:४)।

पौलसले यसको व्याख्या यसरी गरेका छन्, "यसकारण कोही ख्रीष्टमा छ भने त्यो नयाँ सृष्टि हो। पुरानो बितिगएको छ, हेर, नयाँ आएको छ" (२ कोरिन्थी ५:१७)। बाइबलले बताउँछ कि नयाँ जन्मका दुई प्रमाणहरू छन्। पहिलो गवाही

चाहिँ हाम्रा हृदयहरूमा पवित्र आत्माको साक्षी हो (रोमी ८:१६)। दोस्रो चाहिँ विश्वासीको जीवनमा उत्पादन गरिएको *धार्मिकताको फल* हो।

आत्माबाट जन्मेकाहरूले आत्माको फल उत्पादन गर्नुपर्छ। (आत्माको फलको सूची गलाती ५:२२-२३ मा पाइन्छ।)

**तपाईंको अभ्यासको निम्ति**

**७** मतियोस १२:३३-३५ पढ्नुहोस् र नयाँ स्वभावको व्याख्या गर्नुहोस्।

..............................................

**८** तपाईंको आफ्नो जीवन जाँच गरी तल सोधिएका प्रश्नहरूलाई *हो, छ* वा *होइन, छैन* भनी जवाफ दिनुहोस्।

**क**) के तपाईंको हृदयमा पवित्र आत्माको साक्षी छ? ....

**ख**) के तपाईंको जीवनमा मानिसहरूले पवित्र आत्माको फल देख्नसक्छन्? ........

यदि तपाईंले होइन, छैन भनी यी प्रश्नहरूको जवाफ दिनुभएको छ भने, तपाईंले आफ्नो जीवनलाई फेरि एकपल्ट जाँच गर्नुहोस्। तब आफूले पश्चात्ताप गरेको, पापबाट फर्केको र पूर्ण रूपले परमेश्वरमा भरोसा राखेको छु भन्ने कुरामा निश्चित हुनुहोस्।

## आफ्ना मानिसहरूका निम्ति परमेश्वरले दिनुभएका नामहरू

उद्देश्य ४ *विश्वासीका निम्ति प्रयोग भएका बाइबल आधारित चार शब्दहरूका परिभाषा सहित सूची बनाउनुहोस्।*

धेरै व्यक्तिहरूले आफूलाई खीष्टियान भन्छन्। तर यिनीहरू-

मध्ये केहीले चाहिँ हामीले अध्ययन गरेको जस्तो आत्मिक अनुभव पाएका हुँदैनन्। तिनीहरूले आफूलाई दृश्य एकलेसियामा सम्मिलित गराए पनि वास्तवमा भन्ने हो भने तिनीहरू ख्रीष्टियान होइनन्। तिनीहरू परमेश्वरको साँचो एकलेसियाका सदस्यहरू होइनन्। तिनीहरू "जीवन परिवर्तन नभएका" मानिसहरू हुन्।

दृश्य एकलेसियासँग आफूलाई परिचित गर्ने जीवन परिवर्तन नभएका मानिसहरूलाई साँचो एकलेसियाका सदस्यहरूका निम्ति बाइबलमा प्रयोग गरिएका नामहरू प्रयोग गर्न सकिंदैन। यी नामहरूमध्ये चारवटा नामहरूलाई मात्र हामी हेर्नेछौं। तर यी नामहरूको सूची अझै लामो हुनसक्छ।

**चेलाहरू**

प्रेरितको पुस्तकभरिनै विश्वासीहरूलाई *चेलाहरू* भनिएको छ। (प्रेरित ६:२; ९:१; ११:२६; १४:२१-२२; १८:२७; र १९:९ हेर्नुहोस्।) आफ्ना पछि लाग्नेहरूलाई येशूले चेलाहरू भनी बोलाउनुभयो। चेला भनेको सिक्ने व्यक्ति हो। उसले आफ्ना गुरूको सिद्धान्तलाई ग्रहण गर्छ। चेलाहरू आफ्ना गुरू सँगै रहेका घटनाको विवरण हामी सुसमाचारहरूमा देख्छौं। तिनीहरूले ख्रीष्टको आज्ञा पालन गर्न आफैलाई समर्पण गरेका थिए।

जीवन परिवर्तन नभएका मानिसहरूले ख्रीष्टको आज्ञा पालन गर्नसक्तैनन्। जीवन परिवर्तन नभएका मानिसहरूलाई चेलाहरू भन्न सकिंदैन। यस्ता मानिसहरूलाई ख्रीष्टियान भन्न पनि मिल्दैन, किनभने तिनीहरू साँचा ख्रीष्टियानहरू होइनन्।

**सन्त**

नयाँ नियमले एकलेसिया सदस्यहरूलाई *सन्तहरू* भनेको छ (प्रेरित ९:४१; २कोरिन्थी १:१; १३:१३; एफिसी १:१; ४:१२; र कलस्सी १:१; १:१२)। यो याद गर्नुहोस् कि

सन्तहरू पृथ्वीमा र साथसाथै स्वर्गमा हुन्छन्।

परमेश्वरका निम्ति छुट्याइएकाहरू नै सन्तहरू हुन्। जीवन परिवर्तन नभएका मानिसहरू परमेश्वरको एकलेसियामा हुनसक्तैनन्। तिनीहरू परमेश्वरका निम्तिअलग पारिएका हुँदैनन्।

**भाइहरू**

*भाइहरू* भनिने शब्द नयाँ करारमा विश्वासीहरूका निम्ति प्रयोग गरिएको अति प्रचलित नाम हो। यो शब्दले एकलेसियाभित्र भएका विश्वासीहरूको बीचको एकतालाई देखाउँछ। एकलेसिया परमेश्वरको परिवार हो। विश्वासीहरू नयाँ जन्मद्वारा परमेश्वरको परिवारभित्र जन्मेका छन्। विश्वासीहरू ख्रीष्टका भाइ-बहिनीहरू हुन् (रोमी ८:२९; हिब्रू २:११-१२, १७)।

जीवन परिवर्तन नभएका मानिसहरू ख्रीष्टका भाइहरू होइनन्। त्यसकारण तिनीहरू परमेश्वरको एकलेसियाका अङ्ग होइनन्।



**ख्रीष्टियानहरू**

हामीले हेरे जस्तै शुरूमा विश्वासीहरूलाई *ख्रीष्टियान* भनिंदैनथ्यो। तिनीहरूलाई चेलाहरू, सन्तहरू वा भाइहरू भनिन्थ्यो। विश्वासीहरूलाई निन्दा गर्नको लागि नै *ख्रीष्टियान* शब्द प्रयोग गरिएको थियो। तर यसले ख्रीष्टमा भएकाहरूको सम्बोधन गर्छ। तिनीहरू ख्रीष्ट जस्ता छन् (प्रेरित ११:२६; २६:२८; र १ पत्रस ४:१६)।

नयाँ गरी जन्मेकाहरू र ख्रीष्टको स्वभाव पाएकाहरूका निम्ति मात्र *ख्रीष्टियान* नाम प्रयोग गरिनुपर्छ।

शुरूका ख्रीष्टियानहरूलाई धेरै नामद्वारा बोलाइन्थ्यो। यद्यपि, एकलेसियाका नयाँ जन्म पाएका मानिसहरूका निम्ति मात्र हरेक नाम प्रयोग गरिनुपर्छ। दृश्य एकलेसिया संगठनसँग सम्मिलित भएका तर नयाँ जन्म नपाएका मानिसहरूका निम्ति यी नामहरू प्रयोग गरिनुहुँदैन।

**तपाईंको अभ्यासको निम्ति**

**९** विश्वासीहरूलाई वर्णन गर्न प्रयोग भएका बाइबल आधारित चार शब्दहरूलाई हामीले अध्ययन गरेका छौं। यहाँ तल तिनीहरूको सूची बनाउनुहोस्।

.......................................................

.......................................................

.......................................................

.......................................................

**१०** विश्वासीको बारेमा बताउने बाइबलको शब्दमा तल दिइएको कुन परिभाषा मिल्छ, सो शब्द लेख्नुहोस्।

**क**) आफ्ना गुरूको साथमा रहेर सिक्ने व्यक्तिः ........

.......................................................

**ख**) ख्रीष्टको जस्तै व्यवहार गरेका हुनाले विश्वासीहरूको निन्दा गर्न प्रयोग गरिएको शब्दः ..................

.......................................................

**ग**) "परमेश्वरमा अलग गरिएको" भन्ने अर्थ हुन्छः .....

.................................................

**घ**) सबै विश्वासीहरू परमेश्वरको परिवारको अङ्गहरू हुन् भन्ने देखाउँछः ...............................

.................................................

म विश्वास गर्छु कि तपाईंले नयाँ जन्मको अनुभव पाइसक्नुभएको छ। तपाईं परमेश्वरको एकलेसियाको अङ्ग भइसक्नुभएको छ भनी म विश्वास गर्छु। यो अनुभव तपाईंको जीवनमा अति महत्वपूर्ण कुरा हो। तपाईं एकलेसियाको सदस्य हुनसक्नुहुन्छ। तपाईंलाई ख्रीष्टियान भनिन्छ होला। तर परमेश्वरको एकलेसियाको अङ्ग बन्नको निम्ति तपाईंले नयाँ जन्म *पाउनै पर्छ*। अहिलेनै ख्रीष्टमा नयाँ जन्म पाउनुहोस्!

अहिलेसम्म तपाईंले चारवटा पाठहरू सिध्याउनुभएको छ, तपाईंको विद्यार्थी प्रतिवेदनको पहिलो खण्डको उत्तर दिन तपाईं तयारी हुनुभएको छ। पाठ १-४ लाई फेरि दोहोऱ्याउनुहोस् र उत्तर पृष्ठमा भर्दा विद्यार्थी प्रतिवेदनमा दिइएका निर्देशनहरूलाई पालन गर्नुहोस्। विद्यार्थी प्रतिवेदनको अन्तिम पृष्ठमा दिइएको ठेगानामा उत्तर पृष्ठलाई फर्काउनुहोस्।

## ✔ तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

१० **क**) चेला

**ख**) ख्रीष्टियान

**ग**) सन्त

**घ**) भाइहरू

१ **क**) पश्चात्ताप
**ख**) पश्चात्ताप
**ग**) पश्चात्ताप

६ चेलाहरू, सन्तहरू, भाइहरू, ख्रीष्टियानहरू

२ तपाईंका आफ्नै शब्दहरू, तर यसमा दुःख प्रकट गर्ने र परिवर्तन हुन चाहने विचार समावेश भएको हुनुपर्छ।

८ तपाईंको उत्तरः यदि तपाईंको उत्तर छैन, वा यस कुरामा तपाईं निश्चित हुनुहुन्न भने, नयाँ स्वभाव दिनुहोस् भनी परमेश्वरसँग प्रार्थना गर्नुहोस्।

३ **क**) फर्कने काम
**ख**) मूर्ति, पाप, इत्यादिबाट
**ग**) परमेश्वर

७ मानिसहरू, रूखहरू जस्तै, तिनीहरूका स्वभावअनुसार फल दिनु। नयाँ जन्ममा विश्वासीहरूले नयाँ स्वभाव प्राप्त गर्छन्।

४ "प्रभु येशू ख्रीष्टमा विश्वास गर्नुहोस् र तपाईंले उद्धार पाउनुहुनेछ।"

६ ऊ परमेश्वरको परिवारमा जन्मेको छ। यो *नयाँ जन्म* हो।

५ तपाईंका आफ्नै शब्दहरू, तर यसमा भरोसा, निश्चयताको धारणा समावेश भएको हुनुपर्छ।

# पाठ ५

# एकलेसिया कसरी शरीरजस्तै छ

विश्वासीहरू मात्र परमेश्वरको एकलेसियाका सच्चा सदस्यहरू हुन्। यसभन्दा पहिलेको पाठमा हामीले देख्यौं कि विश्वासीहरूलाई विभिन्न नामहरूद्वारा बोलाइएको छ। तिनीहरूलाई चेलाहरू, सन्तहरू र ख्रीष्टियानहरू भनिन्छ। प्रत्येक नामले तिनीहरूका बारेमा केही कुरा बताउँछ।

यसै गरी एकलेसियालाई पनि विभिन्न नामहरू दिइएको छ। प्रत्येक नामले एकलेसियाको बारेमा केही कुरा हामीलाई बताउँछ। यी नामहरू मध्ये एउटा नामलाई हामी हेर्नेछौं। एकलेसिया शरीर जस्तै छ भनी बाइबलले घरी घरी बताएको छ। त्यसको अर्थ के हो सो हामी यस पाठमा सिक्नेछौं।

तपाईं एकलेसियामा अरू विश्वासीहरूसँग पनि सम्बन्ध राख्नुहुन्छ। तिनीहरू तपाईंका लागि महत्वपूर्ण छन्। यी मानिसहरूका निम्ति परमेश्वरलाई धन्यवाद चढाउनुपर्छ। तिनीहरूलाई सहायता पुऱ्याउनको निम्ति तपाईं के गर्नसक्नुहुन्छ यस विषयमा परमेश्वरसँग प्रार्थना गर्नुहोस्। तिनीहरूले पनि तपाईंलाई सहायता गर्नसक्छन्। तपाईंले आफ्नै जीवनमा यी शिक्षाहरूलाई प्रयोग गर्नुभएन भने यो अध्ययन व्यर्थै हुन्छ। तपाईंले सिक्नुभएको कुरालाई आजै व्यवहारमा प्रयोग गर्नुहोस्।



**यस पाठमा तपाईंले यी कुराहरूको अध्ययन गर्नुहुनेछ. . .**

खीष्ट र एकलेसिया
- जीवनको स्रोत खीष्ट हुनुहुन्छ
- खीष्ट नै प्रभु हुनुहुन्छ
- खीष्टले जुटाउनुहुन्छ

एकलेसियाभित्र सम्बन्धहरू
- एकलेसियामा एकता
- एकलेसियामा विभिन्नता
- एकलेसियामा वास्ता

**यस पाठले तपाईंलाई यी कुराहरूमा सहायता पुऱ्याउनेछ. . .**

- जीवित शरीर र एकलेसिया कसरी उस्तै छन् भनी बताउन।
- खीष्टसँग भएको एकलेसियाको सम्बन्धको व्याख्या गर्न।
- एकलेसियाभित्र भएका सम्बन्धहरूको वर्णन गर्न।
- एकलेसियामा भएका अन्य व्यक्तिहरूप्रतिको आफ्नो जिम्मेवारी पत्ता लगाउन।

## ख्रीष्ट र एकलेसिया

उद्देश्य १ *एकलेसियाले आफ्नो आत्मिक जीवन कहाँबाट पाउँछ सो व्याख्या गर्नुहोस्।*

बाइबलले एकलेसियालाई धेरै कुराहरूसँग तुलना गरेको छ। एकलेसिया एक भवन (एफिसी २:२१), पत्नी (एफिसी ५:२२-२३), भेडा (योआनेस १०:१६), र हाँगाहरू (योआनेस १५:४) जस्तो छ भनी यसले बताएको छ। यो सूची अझै पूरा भएको छैन। यो अझै लामो हुनसक्छ। एकलेसियाका यस्ता किसिमका दृष्टान्तहरू नयाँ करारमा २०० भन्दा बढी पाइन्छ भनी कुनै व्यक्तिले बताएका छन्।

हामीहरू यी सबैलाई अध्ययन गर्न सक्दैनौं। मैले एउटालाई छानेको छु। एकलेसिया *शरीर* जस्तो छ भनी बाइबलले बताएको छ। यस तुलनालाई अध्ययन गर्दा हामी अझ धेरै सिक्नेछौं।

### ख्रीष्ट जीवनको स्रोत हुनुहुन्छ

जीवित शरीर वृद्धि भइरहने र सक्रिय हुन्छ। प्रत्येक शरीरको शिर हुन्छ। शिर र शरीरको बीचको सम्बन्ध धेरै महत्वपूर्ण हुन्छ। पौलसले कलस्सेको एकलेसियालाई यसरी लेखे, "उहाँ शरीर, अर्थात् एकलेसियाका शिर हुनुहुन्छ, उहाँ नै शुरू हुनुहुन्छ, मरेकाहरूबाट जीवित हुनेहरूमा उहाँ ज्येष्ठ हुनुहुन्छ," (कलस्सी १:१८)। एकलेसियाले ख्रीष्टबाट आफ्नो जीवन पाउँछ। भवनहरू, संगठन र सभाहरूले जीवन दिंदैनन्। येशूले मात्र जीवन दिनसक्नुहुन्छ।



प्रत्येक विश्वासी र पूरै एकलेसियालाई "उहाँमा नै जीवनको परिपूर्णतामा तिमीहरू आइपुगेका छौ" (कलस्सी २:१०)। शरीरलाई शिरसँग परिचित गराइन्छ। एकलेसियालाई ख्रीष्टसँग परिचित गराइएको छ।

### तपाईंको अभ्यासको निम्ति

**१** कोष्ठभित्र दिइएका दुईवटा उत्तरहरूबाट सबैभन्दा उत्तम उत्तर-लाई छान्नुहोस्, र त्यसलाई तल दिइएको खाली ठाउँमा लेख्नुहोस्।

**क**) कहाँबाट जीवन प्राप्त गरेको कारणले एकलेसिया जिउँछ?

..............................................

(यसको संगठन) (ख्रीष्ट)

**ख**) एकलेसियाको शिर को हो?

..............................................

(दुलही) (ख्रीष्ट)

**२** कलस्सी २:१२-१३ पढ्नुहोस् र तलको वाक्यलाई पूरा गर्नुहोस्।

विश्वासीहरू ख्रीष्टसँग उहाँको ......... र उहाँको .......... मा परिचित गराइएका छन्।

## ख्रीष्ट नै प्रभु हुनुहुन्छ

उद्देश्य २ *एकलेसियाको शिरको नाम दिनुहोस्।*

ख्रीष्ट जीवनको स्रोत मात्र हुनुहुन्न। उहाँ एकलेसियाका प्रभु पनि हुनुहुन्छ। जसरी एकलेसिया ख्रीष्टको अधीनमा छ, त्यसरी नै पत्नीहरू पनि हरेक कुरामा पतिहरूका अधीनमा रहून् (एफिसी ५:२४)। हातले शिरलाई यसो गर्नू भनी अराउँदैन– तर शिरले चाहिँ हातलाई अराउँछ। एकलेसिया

ख्रीष्टप्रति आज्ञाकारी हुनैपर्छ। "र परमेश्वरले सबै कुरा उहाँका पाउमुनि राखिदिनुभयो, र एकलेसियाको निम्ति उहाँलाई नै सबै कुराको शिर बनाइदिनुभयो, जुन एकलेसिया उहाँको शरीर, उहाँको पूर्णता हो। र उहाँले नै सबै थोक परिपूर्ण पार्नुहुन्छ (एफिसी १:२२-२३)।

हरेक व्यक्तिको प्रभु हुन्छ। कोही मानिसहरूले मानव प्रभुको आज्ञा पालन गर्छन्। धेरैले पापको आज्ञा पालन गर्छन्। शुरूका ख्रीष्टियानहरूको सन्देश "येशू ख्रीष्ट नै प्रभु हुनुहुन्छ" भन्ने थियो।



**तपाईंको अभ्यासको निम्ति**

**३** कोष्ठभित्र दिइएका दुईवटा उत्तरहरूबाट सबैभन्दा उत्तम उत्तरहरूलाई छान्नुहोस्, र त्यसलाई तल दिइएको खाली ठाउँमा लेख्नुहोस्।

**क**) एकलेसियाका प्रभु को हुनुहुन्छ?

.............................................

(पदाधिकारी) (ख्रीष्ट)

**ख**) एकलेसियाको शिर को हो?

.............................................

(मानिस) (ख्रीष्ट)

**ख्रीष्टले जुटाउनुहुन्छ**

उद्देश्य ३ *ख्रीष्टले कसरी एकलेसियालाई जुटाउनुहुन्छ व्याख्या गर्नुहोस्।*

येशू ख्रीष्ट जीवित प्रभु हुनुहुन्छ। हामीहरू आफैलाई उहाँमा समर्पण गर्छौं। प्रेममा ख्रीष्टले हाम्रो वास्ता गर्नुहुन्छ। पौलसले यसरी व्याख्या गरेका छन्, "किनकि कुनै मानिसले कहिल्यै आफ्नो शरीरलाई घृणा गर्दैन, तर त्यसको कदर गरेर पालनपोषण गर्दछ, जसरी ख्रीष्टले पनि आफ्नो एकलेसियाको निम्ति गर्नुहुन्छ, किनभने हामी उहाँका शरीरको अङ्ग हौं" (एफिसी ५:२९-३०)। ख्रीष्टसँग भएको आफ्नो सम्बन्ध को कारणले एकलेसिया जिउँछ। ख्रीष्टको कारणले यसको वृद्धि हुन्छ। ख्रीष्टद्वारा नै यसको हेरचाह हुन्छ। "यस्ताहरूले ख्रीष्ट, अर्थात् शिरलाई समातिराख्दैनन्, जसबाट पोषण पाई जोर्नी र ग्रन्थिहरूद्वारा एकसाथ गाँसिएर सारा शरीर परमेश्वरले दिनुभएको वृद्धिअनुसार बढ्दैजान्छ" (कलस्सी २:१९)।



**तपाईंको अभ्यासको निम्ति**

४ तपाईंको क्षेत्रको एकलेसियाको निम्ति ख्रीष्टले के कस्ता कुरा जुटाउनुभएको छ सो विचार गर्नुहोस्। तल दिइएको खाली ठाउँमा तिनीहरूको सूची बनाउनुहोस्।

.....................................................

.....................................................

**५** आफ्नो शरीर अर्थात् एकलेसियासँग येशू तीन किसिमले कसरी सम्बन्धित हुनुहुन्छ उल्लेख गर्नुहोस्।

.....................................................

.....................................................

.....................................................

## एकलेसियाभित्र सम्बन्धहरू

### एकलेसियामा एकता

उद्देश्य ४ *शरीरको एकतालाई व्याख्या गर्नुहोस्।*

नयाँ करार व्यक्तिगत विश्वासीहरूका लागि भन्दा एकलेसियाको लागि अझ धेरै लेखिएको थियो। ख्रीष्टियानहरू अरू विश्वासीहरूबाट अलग भएर रहन सक्दैनन्। शुरूको एकलेसियामा भर्खरै प्रभुमा विश्वास गरेकाहरूलाई तुरून्तै संगतिमा लगिन्थ्यो। लूकासले लेखेका छन्, "विश्वास गर्नेहरूको समूह सबै एकै हृदय र एकै आत्माका भएका थिए" (प्रेरित ४:३२)।

जाति, राष्ट्रियता, वा सामाजिक स्तरको वास्ता नगरी सबै विश्वासीहरू एउटै एकलेसियामा एकत्रित भएका छन्। "शरीर एउटै छ, र पवित्र आत्मा एउटै हुनुहुन्छ" (एफिसी ४:४)। एकता हुनको लागि सबै ख्रीष्टियानहरू एउटै एकलेसिया संगठनको सदस्य हुनुपर्छ भन्ने छैन।



सबै विश्वासीहरूले एकै किसिमको आराधना गर्नुपर्छ भन्ने अर्थ पनि यसले दिंदैन। यद्यपि, यसले यही अर्थ दिन्छ कि विश्वासीहरूका बीचमा प्रेम र एकताको आत्मा हुनुपर्छ।

एकलेसियामा भएको विभाजन कहिल्यै असल हुँदैन। तिनीहरू दुःखदायिक हुन्छन्। तिनीहरूको कारणले एकलेसियाले दुःख भोग्नुपर्छ। कोरिन्थको एकलेसियामा यही समस्या थियो। (१ कोरिन्थी १:१२-१३ हेर्नुहोस्।) पौलसले एकताको निम्ति विन्ती गरेका छन्। "ताकि शरीरमा बेमेल नहोस्, तर अङ्गहरू एउटाले अर्काको निम्ति समान वास्ता राखून् (१ कोरिन्थी १२:२५)। मानिसहरूले अरूहरूको वास्ता नगरी आफ्नो निम्ति धेरै वास्ता गरेपछि एकलेसियामा विभाजन आउँछ।

**तपाईंको अभ्यासको निम्ति**

**६** कोष्ठभित्र दिइएका दुईवटा उत्तरहरूबाट सबैभन्दा उत्तम उत्तर-लाई छान्नुहोस्, र त्यसलाई तल दिइएको खाली ठाउँमा लेख्नुहोस्।

**क**) बाइबल आधारित एकताको अर्थ एउटै

..........................................

(संगठन) (आत्मा)

**ख**) एकलेसिया विभाजन प्रायजसो के द्वारा हुन्छ?

..........................................

(स्वार्थ) (प्रेम)

**एकलेसियामा विभिन्नता**

उद्देश्य ५ *शरीरको एकतालाई व्याख्या गर्नुहोस्।*

एकताको अर्थ हरेक ख्रीष्टियान दुरूस्त उही हुनुपर्छ भन्ने हुँदैन। हरेक ख्रीष्टियान फरक हुन्छ। विभिन्नताले बल र सन्तुलन

दिन्छ। "किनकि जस्तो शरीर एक छ, र त्यसका धेरै अङ्गहरू हुन्छन्, र शरीरका सम्पूर्ण अङ्गहरू धेरै भए तापनि शरीरचाहिँ एउटै हुन्छ, ख्रीष्ट पनि त्यस्तै हुनुहुन्छ" (१ कोरिन्थी १२:१२)।



शरीरको एक अङ्गले अर्को अङ्गलाई "मलाई तेरो खाँचो छैन" भन्न सक्तैन। एउटा अङ्गलाई अर्को अङ्गको खाँचो पर्छ। ख्रीष्टियानहरूलाई पनि एक अर्काको आवश्यकता पर्छ। (१ कोरिन्थी १२:१२-२६ हेर्नुहोस्।) विश्वासीहरू तिनीहरूले गर्ने काम (पद १७), बल (पद २२), आदर (पद २३) मा फरक हुनसक्छन्। तर त्यहाँ एउटै मात्र शरीर छ। पौलसले रोममा भएको एकलेसियालाई यही सत्यता बताएका छन्: "त्यसरी नै हामी जो धेरै छौं, हामी पनि ख्रीष्टमा एउटै शरीर हौं, र प्रत्येक एक-अर्काका अङ्ग हौं। हामीलाई दिइएको अनुग्रहअनुसार अलग-अलग वरदानहरू हामी प्रयोग गरौं" (रोमी १२:५-६)।

### तपाईंको अभ्यासको निम्ति

७ परमेश्वरले शरीरलाई दिनुभएको केही वरदानहरूको सूची रोमी १२:६-८ मा पाइन्छ। त्यस सूचीलाई पढ्नुहोस् र परमेश्वरको अनुग्रहद्वारा तपाईंले प्रयोग गर्नुभएका वरदान-हरूको अगाडि (√) चिन्ह लगाउनुहोस्।

**क**) परमेश्वरको सन्देश बोल्नु ........

**ख**) सेवा ........

**ग)** शिक्षा दिनु ........
**घ)** अरूहरूलाई उत्साह दिनु ........
**ङ)** बाँड्नु ........
**च)** अधिकार प्रयोग गर्नु ........
**छ)** दया देखाउनु ........

**८** वरदानहरूलाई कसरी प्रयोग गरिनुपर्छ विचार गर्नुहोस्। तपाईंसँग भएका वरदानहरूलाई तपाईंले कसरी प्रयोग गर्नुपर्छ? यस विषयमा प्रार्थना गर्नुहोस्।

## एकलेसियामा वास्ता

उद्देश्य ६ *विश्वासीहरूले कसरी एक अर्काको वास्ता गर्नसक्छन् वर्णन गर्नुहोस्।*

परमेश्वरको एकलेसियामा तपाईंको पनि ठूलो जिम्मेवारी छ। ख्रीष्टको निम्ति गरिएको सेवा यो हो भनी तपाईंले हृदयबाट स्वीकार गर्नुपर्छ। तपाईंको जिम्मेवारीको एक भाग चाहिँ अरू विश्वासीहरूको वास्ता गर्नु हो। हामीले हेरिसकेका छौं कि शरीरमा हातलाई कान चाहिन्छ र कानलाई खुट्टा चाहिन्छ। "उहाँबाट नै सारा शरीर प्रत्येक जोर्नीद्वारा जोड़िएको र बाँधिएको भई प्रत्येक भागले ठीक-ठीक काम गरी सुगठित हुनेछ र प्रेममा वृद्धि हुँदैजानेछ" (एफिसी ४:१६)। शरीरको कुनै पनि अङ्ग एकलै रहन सक्तैन। प्रत्येक अङ्गलाई अर्को अङ्गको आवश्यकता पर्छ।



यस सम्बन्धको अर्को भाग चाहिँ सत्यता हो। "यसकारण भूट त्यागेर हरेकले आ-आफ्नो छिमेकीसँग सत्य बोल, किनकि हामी एउटै शरीरमा एउटा अर्काका अङ्गहरू हौं" (एफिसी ४:२५)। हामीहरू विश्वासी भएका हुनाले, हामीले एक अर्कालाई सहायता पुऱ्याउनुपर्छ। "एउटाले अर्काको भार उठाओ, र यसरी ख्रीष्टको व्यवस्था पूरा गर" (गलाती ६:२)। पौलसले दुःख कष्टको बारेमा पनि यसै गरी बताएका छन्। "यदि एउटा अङ्गलाई कष्ट भयो भने सबै अङ्गहरूले सँगै कष्ट भोग्छन्, अथवा एउटा अङ्गको आदर भयो भने सबै अङ्गहरूले सँगै आनन्द मनाउँछन्" (१ कोरिन्थी १२:२६)। अरूहरूको वास्ता गर्नु एकलेसियाको मुख्य गुणनै हो। योआनेसले लेखेका छन्, "यदि तिमीहरूले एक-अर्कालाई प्रेम गऱ्यौ भने, यसैबाट सबैले जान्नेछन्, कि तिमीहरू मेरा चेलाहरू हौ" (योआनेस १३:३५)।

**तपाईंको अभ्यासको निम्ति**

९ माथिको खण्डलाई फेरि हेर्नुहोस्। अरूहरूका निम्ति भएको वास्ता तपाईंले कसरी प्रकट गर्न सक्नुहुन्छ सो उल्लेख गर्नुहोस्। के तपाईंले यी सबै कुरा गर्नुभएको छ?

..............................................

..............................................

..............................................

१० यस पाठलाई दोहोऱ्याउनुहोस्। शरीरमा भएको तपाईंको जिम्मेवारी पत्ता लगाउन र पूरा गर्नको लागि सहायताको निम्ति परमेश्वरमा विन्ती गर्नुहोस्। तपाईं ख्रीष्टको शरीरको अङ्ग हुनुभएको हुनाले तपाईंले गर्नुपर्ने कामलाई तल उल्लेख गर्नुहोस्।

..............................................

..............................................

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

१० तपाईंको आफ्नै उत्तर। सहायता गर्नुहोस् भनी परमेश्वरसँग विन्ती गर्नुहोस्।

१ **क**) ख्रीष्ट
**ख**) ख्रीष्ट

६ सत्य बोल्नु
अरूहरूको भार उठाउनु
अरूहरूसँग दुःख भोग्नु
अरूहरूसँग आनन्द मनाउनु
अरूहरूलाई प्रेम गर्नु।

२ मृत्यु, पुनरूत्थान

८ तपाईंको आफ्नै उत्तर

३ ख्रीष्ट
ख्रीष्ट

७ तपाईंको सूचीमा (√) चिन्ह लगाइएको हुनुपर्छ। शरीरमा आत्मिक वरदानको सेवामा परमेश्वरले तपाईंलाई प्रयोग गरून भनी उहाँसँग विन्ती गर्नुहोस्।

४ तपाईंको उत्तर, तर असल नेतृत्व, साक्षीदिने अवसरहरू, एकता जस्ता कुराहरू समावेश गर्न सकिन्छ।

६ **क**) आत्मा
**ख**) स्वार्थ

५ ख्रीष्ट जीवनको स्रोत हुनुहुन्छ
ख्रीष्ट प्रभु हुनुहुन्छ
ख्रीष्टले जुटाउनुहुन्छ

पाठ ६

# एकलेसियाले आफैको निम्ति के गर्छ

एकलेसिया कसरी शरीर जस्तै छ भन्ने कुरा हामीले यसभन्दा पहिलेको पाठमा हेरिसक्यौं। मानिसहरू एक अर्काबाट फरक भए तापनि त्यहाँ एकता हुनसक्छ भन्ने कुरा हामीले हेर्‍यौं। अरूहरूका निम्ति हामीले के गर्नसक्छौं भन्ने कुराको विचार गर्दै हामीले पाठलाई सिध्यायौं।

यस पाठमा पनि यही विषयवस्तु छ। अरू विश्वासीहरूप्रति हाम्रो कर्तव्य छ। यदि हामीहरू अरूहरूसँग केही कुरा बाँड्दैनौं वा तिनीहरूलाई सहायता गर्दैनौं भने, हामीले तिनीहरूलाई चोट पुर्‍याइरहेका हुन्छौं। तिनीहरूलाई आवश्यक परेको सहायतालाई हामी लुट्नसक्छौं। ख्रीष्टको शरीरमा रहेर तपाईंले पूरा गर्नु पर्ने आफ्नो जिम्मेवारीको बारेमा बुझ्न यस पाठले तपाईंलाई सहायता पुर्‍याउँछ।

यो व्यक्तिगत पाठ हो। तपाईंले यसलाई व्यवहारमा प्रयोग गर्नुपर्छ। तपाईंले आफ्नो कर्तव्य पत्ता लगाएर त्यसलाई पूरा गर्नुपर्छ। तपाईंले एकलेसियाको बारेमा धेरै कुरा सिक्नसक्नुहुन्छ तर तपाईंले सिक्नुभएको कुरालाई यदि व्यवहारमा लगाउनुभएन भने यसले तपाईंलाई केही फायदा दिँदैन। यो गर्नको निम्ति सहायता गर्नुहोस् भनी परमेश्वरसँग विन्ती गर्नुहोस्।



**यस पाठमा तपाईंले यी कुराहरूको अध्ययन गर्नुहुनेछ. . .**

बाँड्ने एकलेसिया
सामर्थ दिने एकलेसिया
पवित्र पार्ने एकलेसिया

**यस पाठले तपाईंलाई यी कुराहरूमा सहायता पुऱ्याउनेछ. . .**

- विश्वासीहरूले एक अर्कालाई तीन किसिमले सहायता पुऱ्याउनसक्छन् भनी वर्णन गर्न।
- अरूहरूप्रतिको तपाईंको जिम्मेवारीलाई थाहपाउन।

## बाँड्ने एकलेसिया

उद्देश्य १ *बाइबल आधारित संगतिलाई तपाईंले कसरी अभ्यास गर्नसक्नुहुन्छ तिनीहरूको सूची बनाउनुहोस्।*

शुरूका ख्रीष्टियानहरूले 'तिनीहरू प्रेरितहरूका शिक्षा, सङ्गति र संयुक्त भोज र प्रार्थनामा भक्तिसाथ लागिरहन्थे'' (प्रेरित २:४२)।



*संगतिको* अर्थ ''मित्रता, सहायता, र बाँड्चुँड'' भन्ने हुन्छ। यस्तो बाँड्चुँड गहिरो र व्यक्तिगत हुन्छ।

पौलस झ्यालखानमा हुँदा उनले यस्तो किसिमको संगति पाएका थिएनन्। उनले यस्तै संगतिको चाहना गरेका थिए। फिलिप्पीको एकलेसियालाई लेखेको आफ्नो पत्रमा, पौलसले *संगतिको* बारेमा धेरै बताएका छन्। उनले सुसमाचारमा संगति (फिलिप्पी १:५), आत्मामा संगति (२:१) दुःख कष्टमा संगति (३:१०), संकष्टमा संगति (४:१४), र दिनुमा संगति (४:१५) को बारेमा बताएका छन्।

**तपाईंको अभ्यासको निम्ति**

**१** संगतिको यस छलफललाई फेरि हेर्नुहोस्। शुरूका

खीष्टियानहरूले कसरी संगति गरे त्यसको सूची बनाउनुहोस्।

..............................................................

..............................................................

**२** अर्को सूची बनाउनुहोस्। संगतिद्वारा कसरी तपाईंले अरूहरूलाई सहायता पुऱ्याउन सक्नुहुन्छ सो उल्लेख गर्नुहोस्। सहायताको आवश्यकता परेका खीष्टियानहरूको नाम लेख्नुहोस्। तपाईंको अभ्यास-पुस्तिकामा यो सूची बनाउनुहोस्।

---

**सामर्थ दिने एकलेसिया**

---

उद्देश्य २ *बाइबल आधारित सुधारलाई अभ्यास गर्न सक्ने तरीकालाई उल्लेख गर्नुहोस्।*

*संगति* र *सुधार* शब्दहरू नजीकतामा सम्बन्धित छन्। संगतिले "एकैसाथ हुने" विचारको प्रकट गर्छ। सुधारले "निर्माण गर्नु वा सामर्थ दिनु" भन्ने अर्थ दिन्छ। विश्वासीहरू एकैसाथ रहने मात्र होइन, तर तिनीहरूले एक अर्कालाई सहायता पुऱ्याउनु पनि पर्छ।

आफूलाई विश्वासमा बढाउनु पर्ने जिम्मेवारी विश्वासीहरूलाई दिइएको भए तापनि (यहूदा २०), तिनीहरूले अरूहरूलाई पनि निर्माण गर्नुपर्छ। जब खीष्टियानहरू भेला हुन्छन्, सहायता पुऱ्याउनको निम्ति प्रत्येकसँग केही न केही हुन्छ। प्रत्येक व्यक्ति भिन्नै भए पनि, "सबै कुरा एकलेसियाको सुधारको निम्ति गरिनुपर्छ" (१ कोरिन्थी १४:२६)।

निर्माण गर्ने प्रक्रिया कहिल्यै सकिंदैन। पत्रसले चेतावनी दिएका छन्, "होशियार रहो ... तर हाम्रा प्रभु र मुक्तिदाता येशू खीष्टको अनुग्रह र ज्ञानमा बढ्दैजाओ" (२ पत्रस ३:१७-१८)।

एकलेसियाको बारेमा बताउँदै पौलसले भने, "त्यसमाथि बनाउँदैजाने हरेक मानिसले कसरी बनाउँदैछ, सो ध्यान दिओस्" (१ कोरिन्थी ३:१०)। कहिलेकहीं ख्रीष्टियानहरू घमण्ड र अभिलाषाद्वारा एकलेसिया निर्माण गर्ने कोशिश गर्छन्, यिनै कुराहरूलाई पौलसले "काठ, वा घाँस वा पराल" भनेका छन् (पद १२) हरेक मानिसको कामको जाँच गरिनेछ।



विश्वासीहरूले एकलेसियालाई कसरी निर्माण गर्नसक्छन्? बाइबलले केही उत्तरहरूको सुझाव दिन्छ। एउटा तरीका चाहिँ एकलेसियामा मिलापको निम्ति आवश्यक काम गरेर। "यसैले हामी ती कुराहरूको अनुसरण गरौं जसले शान्ति ल्याउँछ, अनि एउटाले अर्काको आत्मिक उन्नति गराउँछ" (रोमी १४:१९)। अर्को तरीकाचाहिँ उत्साह दिनु हो। "यसकारण एउटाले अर्कालाई प्रोत्साहन देओ, र एउटाले अर्कालाई दह्रिलो पार्ने काम गर, जस्तो तिमीहरू गर्दै पनि छौ" (१ थेसलोनिकी ५:११)। अर्को तरीका चाहिँ प्रेम हो। "उहाँबाट नै सारा शरीर प्रत्येक जोर्नीद्वारा जोड़िएको र बाँधिएको भई प्रत्येक भागले ठीक-ठीक काम गरी सुगठित हुनेछ र प्रेममा वृद्धि हुँदैजानेछ" (एफिसी ४:१६)। उत्तम तरीका चाहिँ ख्रीष्टलाई प्रकट गर्नु वा ख्रीष्ट जस्तो हुनु हो। "उहाँमा जरा गाड़िएका र निर्माण भएका र विश्वासमा दह्रिला भएका होओ" (कलस्सी २:७)।

**तपाईंको अभ्यासको निम्ति**

**३** एफिसी ४:११-१६ पढ्नुहोस् र तलका प्रश्नहरूको

जवाफ दिनुहोस्ः

**क**) पद १३ मा पौलसले के भिन्नता देखाएका छन्?

..........................................

**ख**) *निर्माण* र *वृद्धि* शब्दहरू कतिपल्ट प्रकट भएका छन्?

..........................................

**ग**) ख्रीष्टले किन एकलेसियालाई वरदानहरू (पद ११) दिनुहुन्छ?

..........................................

**४** रोमी १२:६-८ मा उल्लेख गरिएका वरदानहरूको सूचीलाई हामीले हेरिसक्यौं। अब हामी अर्को सूचीलाई हेरौं। यस सूचीलाई पढ्नुहोस् र परमेश्वरले तपाईंको एकलेसियालाई दिनुभएका वरदानहरूको पछाडिपट्टि (√) चिन्ह लगाउनुहोस्।

| | |
|---|---|
| प्रेरितहरू | .......... |
| अगमवक्ताहरू | .......... |
| शिक्षकहरू | .......... |
| आश्चर्यकर्महरू | .......... |
| चङ्गाइका सेवाहरू | .......... |
| अरूहरूलाई सहायता पुऱ्याउनु | .......... |
| अगुवाइपन (नेतृत्व) | .......... |
| पवित्र आत्माले दिनुभएको अन्य भाषा | .......... |

**५** एकलेसिया निर्माण गर्नको निम्ति तपाईंले के गर्नसक्नुहुन्छ प्रार्थनामा परमेश्वरसँग विन्ती गर्नुहोस्। एकलेसियाको वृद्धि हुनमा तपाईंले केही बाधा ल्याउनु भएको छ कि? एकलेसियालाई सहायता पुऱ्याउन हामी प्रतिज्ञा गरौं।

## पवित्र पार्ने एकलेसिया

*पवित्र पार्नु* शब्द *सन्त* शब्दसँग सम्बन्धित छ। यसको अर्थ "परमेश्वरको निम्ति छुटयाइनु" हो। जो जों *पवित्र* पारिएका छन्, तिनीहरू परमेश्वरका निम्ति छुटयाइएका पनि छन्। तिनीहरू बाहिर बोलाइएका छन्। जसरी परमेश्वर पवित्र हुनुहुन्छ, तिनीहरू पनि पवित्र हुनुपर्छ (१ पत्रस १:१६)। एकलेसियालाई "पवित्र मन्दिर" भनिन्छ (एफिसी २:२१)। एकलेसियामा पवित्र आत्मा खन्याइनुभएको छ (१ योआनेस २:२०)।

एक किसिमले हेर्दा एकलेसिया ख्रीष्टमा सिद्ध छ। अर्को किसिमले हेर्दा, यो सिद्धतातर्फ बढिरहेको छ। पवित्रिकरण एउटा अनुभव वा विधि होइन। यो ता ख्रीष्टले एकलेसियालाई तयारी गरिरहनुभएको प्रक्रिया हो। एफिससको एकलेसियालाई लेखिएको पत्रमा यसो भनिएको छः

> पति हो, आफ्ना पत्नीहरूलाई प्रेम गर, जसरी ख्रीष्टले पनि एकलेसियालाई प्रेम गर्नुभयो, र त्यसको निम्ति आफूलाई अर्पण गर्नुभयो, यस हेतुले कि उहाँले त्यसलाई पानीले धोएर वचनद्वारा पवित्र पार्न सकून्, र उहाँले दाग वा चाउरी नभएको, अथवा यस्ता कुनै कुरा नभएको तेजस्वी एकलेसिया आफैकहाँ प्रस्तुत गर्न सकून्, र त्योचाहिँ पवित्र र निष्खोट होस् (एफिसी ५:२५-२७)।



आफूलाई शुद्ध वा सफा राख्नको निम्ति हामीले गर्नसक्ने सबै कुरा गर्नुपर्छ भनी बाइबलले हामीलाई बताउँछ। "हामीसित यी प्रतिज्ञा भएका हुनाले शरीर र आत्माको हरेक किसिमको अशुद्धताबाट हामी आफैलाई शुद्ध पारौं, र परमेश्वरको भयमा पवित्रतालाई सिद्धतातर्फ बढ़ाउँदैजाऔं" (२ कोरिन्थी ७:१)।

अर्को प्रकारले भन्ने हो भने परमेश्वरले हामीलाई शुद्ध पार्नुहुन्छ। सत्यता चाहिँ यो हो कि यदि हामी आफूले आफूलाई जाँच्यौं भने प्रभुले हामीलाई दोषी ठहऱ्याउनुहुनेछैन। यसको अर्थ यदि हामीले हाम्रो जीवनलाई जाँच्यौं र पापपूर्ण कार्यहरूलाई त्याग्यौं भने, ती कामहरूका निम्ति परमेश्वरले हामीलाई दोषी ठहऱ्याउनुहुनेछैन।

- १ कोरिन्थी ११:३१-३२ मा हामी यसरी पढ्छौं:

  तर हामी साँच्चै आफैले आफैलाई जाँचेका छौं भने हामी न्यायमा पर्नेछैनौं। तर जब प्रभुले हाम्रो न्याय गर्नुहुन्छ, तब हामीलाई ताड़ना दिनुहुन्छ, ताकि संसारसँग हामी दोषी नठहरिऔं।

### तपाईंको अभ्यासको निम्ति

**६** कोष्ठभित्र दिइएका दुईवटा उत्तरहरूबाट सबैभन्दा उत्तम उत्तरलाई छान्नुहोस्, र त्यसलाई तल दिइएको खाली ठाउँमा लेख्नुहोस्।

**क)** पवित्रिकरण .................................. हो
(विधि) (निरन्तर भइरहने प्रक्रिया)

**ख**) कसले विश्वासीहरूलाई शुद्ध पार्छ?

....................................................
(प्रभुले मात्र) (विश्वासी र प्रभु दुवै)

मेरी एउटी छोरी छन्। तिनले ठीक काम नगर्दा, मैले तिनलाई सुधार्नु पर्छ। ठीक कुरा सिक्नको लागि म तिनलाई सहायता गर्न चाहन्छु। परमेश्वरले पनि यसै गर्नुहुन्छ। मलाई थाह छ कि उहाँको छोराको रूपमा उहाँले मलाई सुधार्नुहुन्छ। मलाई सुधार मनपर्दैन, तर मलाई थाह छ कि मेरो निम्ति यो उत्तम कुरा हो।

हिब्रू १२:५-११ ले हामीलाई बताउँछ कि परमेश्वरको सुधार (अनुशासन) हाम्रै उत्साहको निम्ति हो। यसले परमेश्वर पिताको आदर गर्न हामीलाई सिकाउँछ (पद ९) यो हाम्रो भलाइ र पवित्रतामा हाम्रो वृद्धिको निम्ति दिइएको छ (पद १०)। त्यसकारण, हामीले परमेश्वरको सुधारलाई हाम्रो जीवनमा ग्रहण गर्नुपर्छ।

यदि खीष्टमा भएका हाम्रा दाज्यू-भाइ वा दिदी-बहिनीहरूले हाम्रा विरूद्धमा केही भूल गरे भने हामीले तिनीहरूलाई सहायता पुऱ्याउनु पर्छ। हामीले तिनीहरूका बारेमा अरूहरूलाई भन्नुहुँदैन तर तिनीहरूसँग व्यक्तिगत रूपमा कुराकानी गर्नुपर्छ। परमेश्वरले हामी प्रत्येकसँग जसरी व्यवहार गर्नुभएको छ त्यसै गरी हामीहरूले तिनीहरूलाई प्रेम गर्नुपर्छ र तिनीहरूसँग व्यवहार गर्नुपर्छ।

अविश्वासीहरूले एकलेसियामा पाप देखेका हुनाले कतिपल्ट तिनीहरूले खीष्टलाई ग्रहण गर्दैनन्। एकलेसियाको यस्तो साक्षी हुनुहुँदैन! यस विषयमा भएको खीष्टको सन्देशलाई पौलसले कोरिन्थको एकलेसियामा प्रयोग गरेका छन् (१ कोरिन्थी ५:६-

८, १३ हेर्नुहोस्।) एकलेसियालाई पापबाट स्वतन्त्र राख्नको निम्ति हरेक विश्वासीले आफ्नो जिम्मेवारी पूरा गर्नुपर्छ।

**तपाईंको अभ्यासको निम्ति**

**७** कोष्ठभित्र दिइएका दुईवटा उत्तरहरूबाट सबैभन्दा उत्तम उत्तरलाई छान्नुहोस्, र त्यसलाई तल दिइएको खाली ठाउँमा लेख्नुहोस्।

**क**) संगतिको अर्थ ..................................
(बाँड्नु) (पवित्र बनाउनु)

**ख**) सुधारको अर्थ ..................................
(निर्माण गर्नु) (पवित्र बनाउनु)

**ग**) के को निम्ति एकलेसिया दुलहीको रूपमा तयारी भएको छ?

..................................
(यसको आफ्नै सुन्दरता) (ख्रीष्ट)

**घ**) विश्वासीले पाप गऱ्यो भने तपाईंको जिम्मेवारी के हो?

..................................
(यसको बारेमा अरूहरूलाई बताउनु)
(उनीसँग एक्लै कुराकानी गर्नु)

**८** यस पाठलाई फेरि हेर्नुहोस्। प्रश्न न. २ र ४ को निम्ति तपाईंले दिनुभएका उत्तरहरू हेर्नुहोस्। एकलेसियाको निम्ति तपाईंका आफ्ना वरदानहरू प्रयोग गर्ने समय अहिले नै हो।

ख्रीष्टले एकलेसियालाई प्रेम गर्नुभयो भन्ने कुरा सम्झनुहोस्। "ख्रीष्टको शरीरको" निम्ति तपाईंलाई पनि उही प्रेम दिनुहोस् भनी परमेश्वरसँग प्रार्थना गर्नुहोस्। तब अरूहरूसँग बाँड्न, निर्माण गर्न, अरूलाई शुद्ध हुन सहायता गर्न तपाईंलाई सजिलो हुन्छ।

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

८ यसलाई गरिसकेपछि तपाईं अर्को पाठको निम्ति तयारी हुनुभएको हुन्छ।

९ तपाईंको सूची मेरो सूचीभन्दा फरक हुनसक्छ, तर मैले यसरी सूची बनाएको छुः

प्रार्थनामा
खानामा
यात्रामा
सहायतामा
दुःखको बेला बाँड्चुँड्मा



७ **क**) बाँड्नु
**ख**) निर्माण गर्नु
**ग**) ख्रीष्ट
**घ**) एकलै उसँग कुरा गर्नु

२ तपाईंको आफ्नै उत्तर

६ **क**) निरन्तर भइरहने प्रक्रिया
**ख**) विश्वासी र प्रभु दुवै

३ **क**) बालकहरू र परिपक्व मानिसहरूका बीचमा विभिन्नता
**ख**) चार पल्ट
**ग**) यसको वृद्धि हुनको लागि सहायता गर्न

५ तपाईंको प्रार्थना

४ तपाईंको सूचीमा धेरै (√) चिन्ह हुनुपर्छ।

पाठ
७

# एकलेसियाले संसारको निम्ति के गर्छ

यसभन्दा पहिलेको पाठमा हामीले देख्यौं, कि विश्वासीहरूको एक अर्काप्रति ठूलो जिम्मेवारी छ। सबै विश्वासीहरू परमेश्वरको परिवारका सदस्यहरू हुन्। ख्रीष्टमा भएका दाज्यू-भाइ, दिदी-बहिनीसँग ख्रीष्टियानहरूको विशेष सम्बन्ध हुन्छ।

तर अविश्वासीहरूप्रति पनि एकलेसियाको ठूलो कर्तव्य छ। एकलेसिया बाहिर भएका मानिसहरूलाई बिर्सने गरी ख्रीष्टियानहरूले कहिल्यै विश्वासीहरूको मात्र वास्ता गर्नुहुँदैन। अविश्वासीहरूप्रति विश्वासीहरूको कस्तो कर्तव्य हुनुपर्छ सो हामी यस पाठमा हेर्नेछौं।

अरू पाठहरूमा जस्तै यस अध्ययनमा पनि, तपाईंले सिक्नुभएको सत्यतालाई प्रयोगमा लगाउनु पर्छ। हामीले गर्नुपर्ने कुरा गरेनौं भने परमेश्वर हामीसँग प्रसन्न हुनसक्नुहुन्न। याकूबले यसो भनेका छन्ः "जसले भलाइ गर्न जानेर पनि गर्दैन त्यसले पाप गर्छ" (याकूब ४:१७)। हामीलाई सिकाइएका कुराहरू गरेर यस पाठमा उल्लेखित कुराहरूलाई हामी प्रयोग गरौं।



**यस पाठमा तपाईंले यी कुराहरूको अध्ययन गर्नुहुनेछ. . .**

विश्वासीहरूले दुष्टताको विरोध गर्छन्।
विश्वासीहरूले सुसमाचारको घोषणा गर्छन्।
विश्वासीहरूले सेवकहरूलाई पठाउँछन्।
विश्वासीहरूले सेवकहरूलाई सहायता गर्छन्।

**यस पाठले तपाईंलाई यी कुराहरूमा सहायता पुऱ्याउनेछ. . .**

- अविश्वासीहरूलाई प्रभुमा ल्याउनको निम्ति एक ख्रीष्टियानले गर्नुपर्ने तीन कुराहरूको सूची बनाउनुहोस्।
- *सुसमाचार* प्रचार शब्द समूहलाई परिभाषित गर्नुहोस्।
- नाश भइरहेका व्यक्तिहरूकहाँ पुग्ने आफ्नो जिम्मेवारीलाई पत्ता लगाउनुहोस्।

## विश्वासीहरूले दुष्टताको विरोध गर्छन्

उद्देश्य १ *विश्वासीहरूले दुष्टताको कसरी विरोध गर्छन्, उल्लेख गर्नुहोस्।*

के तपाईंले कसैबाट ऋण लिनुभएको छ? कहिलेकहीं हामी केही कुराहरूप्रति यति धेरै ऋणी हुन्छौं, जसलाई रुपैयाँ पैसाले तिर्न सकिंदैन। हाम्रो यस्तो जिम्मेवारी छ जसलाई रुपैयाँ पैसाले पूरा गर्न सक्तैन। प्रत्येक विश्वासी यस कुरामा ऋणी छ। यो जिम्मेवारी के हो त? पौलसले यसरी प्रकट गरेका छन् "अन्यजातिहरूका बीचमा पनि केही फल बटुल्न सकूँ भनेर तिमीहरूकहाँ आउने धेरै पल्ट इच्छा गरें। तर म अहिलेसम्म रोकिएको छु। ग्रीक होस् वा अरू असभ्य जाति, बुद्धिमान् होस् वा निर्बुद्धि, सबैको म ऋणी छु" (रोमी १:१३-१४)।

परमेश्वरका जनहरू तिनीहरूका आफ्ना भक्त कामहरूबाट चिनिनुपर्छ। परमेश्वरका मानिसहरूले असल काम गर्नुपर्छ। येशूले भन्नुभयो, "तिमीहरू सबै मानव जातिहरूका लागि नूनहरू जस्तै हौ" (मतियोस ५:१३)। तर यदि नूनले नूनको काम गरेन भने त्यो कामै नलाग्ने हुन्छ। येशूले फेरि भन्नुभयो, "तिमीहरू सारा संसारका ज्योति हौ" (मतियोस ५:१४)। तर उज्ज्यालोलाई छोपेर राख्नु हुँदैन– यो चम्कनै पर्छ। कोठामा भएका सबैमाथि ज्योति चम्कन्छ। "यसरी नै तिमीहरूको ज्योति मानिसहरूका सामुन्ने चम्कोस्, र तिनीहरूले तिमीहरूका सुकर्म देखून्, र स्वर्गमा हुनुहुने तिमीहरूका पिताको महिमा गरून्" (मतियोस ५:१६)।

एक व्यक्ति ख्रीष्टियान भएपछि उसको नयाँ जीवन शुरू हुन्छ। उसले गर्ने गरेका दुष्ट कुराहरूलाई अब ऊ गर्दैन। परमेश्वर-लाई खुशी तुल्याउने कुराहरू ऊ गर्न चाहन्छ। जसरी नूनले खाना-को स्वादलाई बदली गर्छ, र ज्योतिले अँध्यारोलाई बदली गर्छ, त्यसैगरी ख्रीष्टियानको भक्तिपूर्ण जीवनले उसको वरिपरि भएका

मानिसहरूलाई प्रभाव पार्छ। उसले अरूहरूलाई असल गर्नको निम्ति प्रभावित पार्छ। यसरी ऊ दुष्टताको विरूद्धमा एक शक्ति हो।

निकी नाम भएका एक जवान मानिसको जीवन-कथा एक पल्ट मैले पढें। तिनले झगडा गर्न र मार्न सिकेका थिए। उनका साथीहरू मिलेर चोर्न र नाश गर्नको निम्ति एक दल खडा गरे। निकीले लागु पदार्थहरू सेवन गर्न थाले। आफ्नो कलिलो उमेर-मानै निकी एक विद्रोही केटा बने। तर एक दिन कसैले उनलाई परमेश्वरको प्रेमको बारेमा बतायो। ख्रीष्ट येशूमा निकीले नयाँ जीवन पाउन सक्छन् भनी कुनै विश्वासीले उनलाई बताइदिए। निकीले ख्रीष्टलाई ग्रहण गरे। उनले हुल्याहहरूको दललाई छोडिदिए। उनले झगडा गर्ने र मार्ने काम छोडे। तर निकी त्यतिमै सन्तुष्ट भएनन्! उनको जस्तै समस्या भएका अरू जवान मानिसहरूलाई उनी सहायता गर्न थाले। उनले तिनीहरूलाई येशू ख्रीष्टको बारेमा बताए। लागु पदार्थको सेवन गर्न छोड्न र मानिसहरूलाई घृणा गर्न बन्द गर्नको लागि तिनले उनीहरूलाई सहायता पुऱ्याए।

निकीको जीवनमा परमेश्वरको अनुग्रहको कारणले दुष्टताले हार खायो। त्यति मात्र नभएर निकीले आफ्नो प्रभावद्वारा दुष्टतालाई बन्द गरे। निकीको जीवन पापपूर्ण समुदायको अँध्यारोमा चम्कने ज्योतिजस्तै थियो।





ख्रीष्टियानहरूले आफ्ना प्रार्थनाहरूद्वारा पनि दुष्टतामाथि विजयता प्राप्त गर्नसक्छन्। अब्राहामको भतिजा लूतले अब्राहामले जस्तै परमेश्वरलाई प्रेम गरेका थिएनन्। अब्राहामले आफ्नो भतिजालाई धेरै वास्ता गरेका थिए। परमेश्वरको सेवा गर्नको निम्ति उनले

लूतलाई उत्साह दिए र पापले भरिएको शहरमै रहन लूतले इच्छा गरे। अब्राहामले आफ्नो भतिजाको निम्ति प्रार्थना गरे। अब्राहामको प्रार्थनाको कारण परमेश्वरले लूतलाई बचाउनुभयो। अब्राहामको प्रार्थनालाई तपाईंले उत्पत्ति १८:२२-३३ मा पढ्न सक्नुहुन्छ।

### तपाईंको अभ्यासको निम्ति

**१** ठीक शब्द राखी तलको खाली ठाउँ भर्नुहोस्।

**क)** ............................................ गरेर विश्वासीहरू दुष्टताको विरूद्धमा युद्ध गर्छन्।

**ख)** येशूले ................ र ................ सँग ख्रीष्टियानहरूलाई तुलना गर्नुभएको छ।

**ग)** निकीको जीवनमा भएका कुराहरूले देखाउँछन् कि आफ्नो क्षेत्रमा रहने ख्रीष्टियानले ................ विरूद्धमा युद्ध गर्नसक्छ।

**घ)** अब्राहामको जीवनले देखाउँछ कि परमेश्वरलाई प्रेम गर्नेहरूले परमेश्वरलाई प्रेम नगर्नेहरूका निम्ति .............. गर्नुपर्छ।

## विश्वासीहरूले सुसमाचारको घोषणा गर्छन्

उद्देश्य २ *सुसमाचार प्रचार शब्द समूहलाई परिभाषित गर्नुहोस्।*

ख्रीष्टियानहरूको कर्तव्यको सम्बन्धमा पौलसले फिलिप्पीको एकलेसियालाई लेखेका थिएः "कि तिमीहरूचाहिँ निर्दोष र सुधा भएर टेढ़ा र बरालिएका पुस्ताको बीचमा परमेश्वरका निष्खोट सन्तान होओ, जुन पुस्ताको बीच संसारमा तिमीहरू ताराहरूझैं चम्कन्छौ" (फिलिप्पी २:१५-१६)।

भक्तिपूर्ण जीवन जिउनु मात्र पर्याप्त छैन भनी पौलसले बताएका छन्। हामीले तिनीहरूलाई "जीवनको सन्देश" दिनैपर्छ। हाम्रा कामहरू र वचनहरूमा सुसमाचार बताइनुपर्छ!

येशूले भन्नुभयो, "यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ" (मतियोस २८:१९)। यस खण्डलाई प्रायजसो समय *महान् आज्ञा* भनी सम्बोधन गरिन्छ। मर्कूसले पनि यस्तै खण्डको उल्लेख गरेका छन्, "सारा संसारमा गएर सारा सृष्टिलाई सुसमाचार प्रचार गर" (मर्कूस १६:१५)। यहाँ *प्रचारको* अर्थ कुनै समूहको अगाडि दिइने भाषण होइन। यसको अर्थ *बताउनु* वा *घोषणा* गर्नु हो। प्रत्येक विश्वासीले *प्रचार* गर्न सक्तैन होला, तर उसले सुसमाचार बताउन सक्छ। यसको निम्ति *सुसमाचारको* घोषणा शब्द प्रयोग गरिएको छ। यस शब्दको अर्थ हो, "असल समाचारको घोषणा गर्नु"। प्रत्येक विश्वासीले ख्रीष्टको वचनको आज्ञा पालन गरी सुसमाचारको घोषणा गरेर चेलाहरू बनाउनुपर्छ।

यसभन्दा पहिलेको पाठमा हामीले सिक्यौं कि, परमेश्वरले आफ्नो शरीर अर्थात् एकलेसियालाई वृद्धि भएको चाहनुहुन्छ। "परमेश्वरले दिनुभएको वृद्धिअनुसार बढ्दैजान्छ" (कलस्सी २:१९)। शुरूको एकलेसिया वृद्धि हुने एकलेसिया थियो। एकै दिन तीन हजार मानिसहरू एकलेसियामा थपिएका थिए (प्रेरित २:४१)। ख्रीष्टको शरीरको निम्ति वृद्धि एक स्वभाविक कुरा हो। उद्धार पाउनेहरूलाई प्रभुले दिनदिनै तिनीहरूको सङ्ख्यामा थपिदिनुहुन्थ्यो (प्रेरित २:४७)। वृद्धि नहुने एकलेसिया स्वस्थ एकलेसिया होइन।

**तपाईंको अभ्यासको निम्ति**

**२** कोष्ठभित्र दिइएका दुईवटा उत्तरहरूबाट सबैभन्दा उत्तम उत्तरलाई छान्नुहोस् र खाली ठाउँमा लेख्नुहोस्:

**क**) मतियोस २८:१६ मा *प्रचार* शब्दको अर्थ के हो?

........................................

(उपदेश दिनु) (सुसमाचार सुनाउनु)

**ख**) *सुसमाचार* घोषणा गर्नु भनेको अर्थ के हो?

........................................

(शुभ समाचारको घोषणा) (प्रचार)

**ग**) ख्रीष्टमा मानिसहरू ल्याएर वृद्धि नहुने एकलेसिया कस्तो एकलेसिया हो? ..........................

(स्वस्थ एकलेसिया) (अस्वस्थ एकलेसिया)

**३** महान् आज्ञा पूरा गर्नलाई तपाईं के गर्दै हुनुहुन्छ? तपाईंको समूहमा कहिले नयाँ विश्वासीहरू थपिएका थिए? ख्रीष्टको बारेमा तपाईंले कस कसलाई बताउनु पर्ने हो, तिनीहरूका नामको सूची बनाउनुहोस्। तिनीहरू प्रत्येकको निम्ति प्रार्थना गर्नुहोस्। तिनीहरू हरेकसँग कुराकानी गर्नुहोस्।

..............................................

..............................................

**४** यस पाठलाई फेरि दोहोऱ्याउनुहोस् र एकलेसियाका दुई कर्तव्यहरूको सूची बनाउनुहोस्।

**क**) ........................................

**ख**) ........................................

---

## विश्वासीहरूले सेवकहरूलाई पठाउँछन्

---

उद्देश्य ३ *सेवकहरूलाई किन एकलेसियाद्वारा पठाइनुपर्छ व्याख्या गर्नुहोस्।*

एकलेसियाले शुभ समाचार बताउनै पर्छ। मतियोस २८:१६ र मर्कूस १६:१५ मा हामी *जाओ* भन्ने शब्द पाउँछौं। कहिलेकहीं

तपाईं टाढासम्म जानु पर्दैन। तर अरू समयमा ख्रीष्टियानहरू टाढा टाढा ठाउँहरूमा जानु आवश्यक छ। विश्वासीहरू हुँदै नभएका ठाउँहरूमा पनि हामीले सुसमाचार पुऱ्याउनु पर्छ। येशूले भन्नुभयो, "यरूशलेमबाट शुरू गरेर सबै जातिहरूलाई उहाँको नाउँमा पश्चात्ताप र पाप-क्षमाको प्रचार हुनुपर्छ" (लूकास २४:४७)। एकलेसियालाई ठूलो काम दिइएको छ। तर परमेश्वरले हामीलाई आफ्ना पवित्र आत्माको प्रतिज्ञा गर्नुभएको छ। "तर पवित्र आत्मा तिमीहरूमा आउनुभएपछि तिमीहरूले शक्ति पाउनेछौ, र तिमीहरू यरूशलेममा, सारा यहूदियामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ" (प्रेरित १:८)।



सेवकहरू पठाएर शुरूको एकलेसियाले आज्ञा पालन गरेको थियो।

> "एन्टिओखियाको एकलेसियामा अगमवक्ताहरू र शिक्षकहरू, अर्थात् बारनाबास, काला भनिने शिमियोन, कुरेनीका लुकियस, प्रान्तीय शासक हेरोदेससँग हुर्केका मनेन र शाऊल थिए। तिनीहरूले प्रभुको आराधना गरिरहेका र उपवास बसिरहेका बेला पवित्र आत्माले भन्नुभयो, "मेरो निम्ति बारनाबास र शाऊललाई त्यस कामको लागि अलग्ग गर, जुन कामको निम्ति मैले तिनीहरूलाई बोलाएको छु।" तब उपवास र प्रार्थना गरेर तिनीहरूले उनीहरूमाथि आफ्ना-आफ्ना हात राखेर उनीहरूलाई बिदा दिए" (प्रेरित १३:१-३)।

यस खण्डले पछ्याउनको निम्ति हामीलाई एक नमूना दिन्छ।

यस खण्डमा देखाइएका केही सिद्धान्तहरूको म यहाँ सूची बनाउँछु।

१ पठाइएका मानिसहरू तिनीहरूको स्थानीय एकलेसियाको सेवामा विश्वासयोग्य थिए।

२ धेरै प्रार्थना पछि मात्र निर्णय बनाइएको थियो।

३ मानिसहरूले परमेश्वरको बोलावटको महसूस गरे, र एकलेसियाले तिनीहरूलाई पठायो।

सेवकहरू परमेश्वरद्वारा र एकलेसियाद्वारा पठाइएका थिए। सेवकहरू फर्किएपछि, तिनीहरूले एकलेसियामा आएर प्रतिवेदन सुनाए। "जब तिनीहरू एन्टिओखियामा आइपुगे, तब एकलेसियालाई भेला गराए, अनि परमेश्वरले तिनीहरूका साथमा गर्नुभएका सबै कामको बयान गरे, र कसरी उहाँले अन्यजातिहरूका निम्ति विश्वासको ढोका खोलिदिनुभयो सो सुनाए" (प्रेरित १४:२७)।

**तपाईंको अभ्यासको निम्ति**

**५** ठीक उत्तरको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्। "गएर सुसमाचार सुनाओ" भनी जब येशूले भन्नुभयो, उहाँले के भन्न खोज्नुभएको थियो?

**क**) नजीक भएका मेरा सबै छिमेकीहरूकहाँ जाओ।

**ख**) विदेशका भूमिहरूमा सुसमाचार प्रचार गर्नको निम्ति टाढा टाढा ठाउँहरूमा जाओ।

**ग**) नजीक वा टाढा जहाँ भए पनि सुसमाचार नसुन्नेहरूकहाँ जाओ।

**६** ठीक उत्तरको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्। सेवकहरूलाई पठाउने काम कसले गर्छ?

**क**) जाने मानिसले

**ख**) एकलेसिया र यसका अगुवाहरूले

**ग**) एकलेसिया र प्रभुले

## विश्वासीहरूले सेवकहरूलाई सहायता गर्छन्

उद्देश्य ४ *एकलेसियाबाट पठाइएकाहरूलाई कस्तो किसिमको सहायता पुऱ्याउनुपर्छ त्यसको सूची बनाउनुहोस्।*

एकलेसियाबाट पठाइएका सेवकहरूलाई एकलेसियाद्वारा नै सहायता पुऱ्याइनुपर्छ। सेवकहरूलाई पठाएर त्यसपछि तिनीहरूलाई भुल्नुचाहिँ दुःख लाग्दो कुरा हो। एकलेसियाले आफ्ना सेवकहरूका निम्ति प्रार्थना गर्नुपर्छ। पौलसले रोमको एकलेसियालाई यसरी लेखेका छन्ः "मेरो निम्ति परमेश्वरमा प्रार्थना गर्न मसँग घोर प्रयत्न गर" (रोमी १५:३०)। कलस्सेको एकलेसियालाई उनले लेखे, "हाम्रा निम्ति पनि प्रार्थना गर, ताकि ख्रीष्टको त्यो रहस्य प्रचार गर्नलाई परमेश्वरले हामीलाई वचनको निम्ति एउटा ढोका खोलिदिऊन्," (कलस्सी ४:३)। पठाइएका सेवकहरू हाम्रो संगतिका अङ्गहरूनै हुन्। हामीले तिनीहरूका निम्ति प्रार्थना गर्नुपर्छ।

आफूलाई रूपैयाँ-पैसाको सहयोग पठाएकोमा पौलसले एकलेसियाहरूलाई धन्यवाद ज्ञापन गरेका छन् (रोमी १५:२४, फिलिप्पी २:२५ र ४:१५)। परमेश्वरले अराउनुभएको काम गर्नको निम्ति कहिलेकहीं सेवकहरूलाई रूपैयाँ पैसाको खाँचो पर्छ।





**तपाईंको अभ्यासको निम्ति**

**७** ठीक उत्तरहरूका अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।
शुरूको एकलेसियाले सेवकहरूलाई पठाएपछि–

**क**) एकलेसियाले भेटीहरू पठाएर सहायता गऱ्यो।
**ख**) एकलेसियाले लगातार रूपमा तिनीहरूका निम्ति प्रार्थना गऱ्यो।
**ग**) एकलेसियाले तिनीहरूका सेवाको नतिजालाई आलोचना गऱ्यो।

**८ क**) तपाईंको एकलेसियाबाट पठाइएका सेवकको नाम लेख्नुहोस्। ..............................
**ख**) के तपाईंले प्रार्थना र रूपैयाँ-पैसा बाट उनलाई सहायता गर्नुभएको छ? ..............................

**९** ख्रीष्टको सुसमाचार नपुगेको कुनै ठाउँको नाम तपाईंलाई थाह छ? त्यो नामलाई यहाँ लेख्नुहोस्।

..............................................

येशूले भन्नुभयो, "फसल त प्रशस्त छ, तर खेतालाहरू थोरै छन्। यसकारण फसलका प्रभुलाई प्रार्थना गर, र उहाँले आफ्नो फसलमा खेतालाहरू पठाइदिऊन्" (लूकास १०:२)।

**१०** यो पूरै पाठलाई फेरि एकपल्ट दोहोऱ्याउनुहोस् र अविश्वासीहरूप्रति भएको ख्रीष्टियानहरूका तीन कर्तव्यहरूलाई उल्लेख गर्नुहोस्। ....................
..............................................
..............................................



## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

१० यिनीहरूमध्ये कुनै तीनः
अ‍सल गरेर दुष्टताको विरोध गर्नु
अविश्वासीहरूका निम्ति प्रार्थना गर्नु
सुसमाचार सुनाउनु
सेवकहरू पठाउनु
सेवकहरूलाई सहायता गर्नु

१ **क**) असल कामहरू गर्नु
**ख**) नून र ज्योति
**ग**) पाप
**घ**) प्रार्थना

९ तपाईंको आफ्नै उत्तर

२ **क**) सुसमाचार सुनाउनु
**ख**) असल समाचारको घोषणा गर्नु
**ग**) अस्वस्थ एकलेसिया

८ तपाईंको आफ्नै उत्तर

३ तपाईं आफैले बनाउनुभएका नामहरूको सूची।

७ **क**) भेटीहरू पठाएर सहायता।
**ख**) लगातार रूपमा तिनीहरूका निम्ति प्रार्थना।

४ **क**) असल गरेर दुष्टतामाथि विजय प्राप्त गर्नु।
**ख**) असल समाचारको घोषणा गर्नु।

६ **ग**) एकलेसिया र प्रभु।

५ **ग**) नजीक वा टाढा जहाँ भए पनि सुसमाचार नसुन्नेहरूकहाँ जाओ।

पाठ ८

# एकलेसियाले परमेश्वरको निम्ति के गर्छ

ख्रीष्टियानहरूले ख्रीष्टको शरीरमा एक अर्कालाई कसरी सहायता गर्छन् भन्ने कुरा हामीले पाठ ६ मा अध्ययन गऱ्यौं। अविश्वासीहरूप्रति भएको जिम्मेवारीको बारेमा हामीले पाठ ७ मा हेऱ्यौं। एकलेसियाले आफ्नो निम्ति र अरूहरूका निम्ति सेवा गर्नुपर्छ। र यसले परमेश्वरको निम्ति पनि विशेष सेवा गर्नैपर्छ।

पाठ १ मा हामीले सिक्यौं कि एकलेसियाको निम्ति परमेश्वरको एउटा उद्देश्य उहाँ आफैलाई महिमा ल्याउनु हो। एकलेसियाले कसरी आफ्ना प्रभुको महिमा गर्नसक्छ? प्रभुको आज्ञा पालन गर्न एकलेसियाले के गर्नुपर्छ? यस पाठमा हामी यी विषयहरूलाई नै हेर्नेछौं।

कसरी प्रार्थना गर्नुपर्छ भनी जान्ने ख्रीष्टियानहरूले तिनीहरूको ज्ञानलाई कार्यमा लगाउनुपर्छ। प्रार्थना परमेश्वरलाई सेवा र साथसाथै हाम्रो निम्ति एक अवसर हो। तपाईंलाई थाह छ कि तपाईंले आराधना गर्नुपर्छ र तपाईं आराधना गर्न पनि चाहनुहुन्छ, तर कतिपल्ट तपाईं अरूनै कुराहरूमा व्यस्त हुनुहुन्छ।

यदि तपाईं ख्रीष्टियान हुनुहुन्छ भने आज्ञाकारिताको आनन्द तपाईंलाई थाह छ, र अनाज्ञाकारी हुँदा तपाईंलाई दोषको अनुभव हुन्छ। आज्ञाकारिताले परमेश्वरलाई आदर गर्छ। हामी उहाँलाई आदर गरौं!



**यस पाठमा तपाईंले यी कुराहरूको अध्ययन गर्नुहुनेछ. . .**

आराधनाको विशेष कार्य
विश्वासीको बप्तिस्मा
प्रभुको भोज

**यस पाठले तपाईंलाई यी कुराहरूमा सहायता पुऱ्याउनेछ. . .**

- आराधनालाई परिभाषित र नमूनित गर्न।
- बप्तिस्माको महत्वको बारेमा वर्णन गर्न।
- प्रभुको भोजको अर्थ बुझ्न।

## आराधनाको विशेष कार्य

उद्देश्य १ *परमेश्वरलाई आराधना गर्न सकिने विभिन्न माध्यमहरूको वर्णन गर्नुहोस्।*

हाम्रो पहिलो पाठमा हामीले सिक्यौं कि एकलेसियाका उद्देश्यहरूमध्ये एउटा उद्देश्य परमेश्वरको प्रशंसा गर्नु हो। आफ्ना भक्तिपूर्ण जीवनद्वारा खीष्टियानहरूले परमेश्वरलाई महिमा ल्याउँछन्। फिलिप्पीको एकलेसियालाई पौलसले यसो भनेका छन्, "परमेश्वरका महिमा र प्रशंसाको निम्ति येशू खीष्टद्वारा आउने धार्मिकताका फलले तिमीहरू भरिपूर्ण होओ" (फिलिप्पी १:११)।

तर आफ्ना आराधनाद्वारा पनि खीष्टियानहरूले परमेश्वरलाई महिमा दिन्छन्। आराधना गर्नु भनेको अर्थ आदर गर्नु, सम्मान गर्नु र आज्ञा पालन गर्नु हो। परमेश्वरको भलाइको निम्ति उहाँ-लाई प्रशंसा गरेर हामी आराधना गर्छौं। पौलसले एफेससको एकलेसियालाई यसरी लेखेका छन्, "परमेश्वरलाई महिमा गरौं . . . यस हेतुले कि उहाँले हामीलाई आफ्ना प्रिय पुत्रमा सित्तैंमा दिनुभएको आफ्नो महिमामय अनुग्रहको प्रशंसा होस्" (एफिसी १:६)। (एफिसी १:१२,१४ पनि हेर्नुहोस्)।

बाइबलले बताउँछ कि सबै विश्वासीहरू पूजाहारीहरूजस्तै भएर परमेश्वरलाई प्रार्थना र स्तुति प्रशंसा चढाउनुपर्छ। "तिमीहरू पनि येशू खीष्टद्वारा परमेश्वरको दृष्टिमा ग्रहणयोग्य आत्मिक बलिदान चढ़ाउने पवित्र पूजाहारीगिरीको निम्ति जीवित पत्थरहरूझैं आत्मिक घर बन्दैजाओ" (१ पत्रस २:५)। एकलेसियाले चढाउने बलिदान प्रशंसानै हो। "यसकारण परमेश्वरलाई येशूद्वारा प्रशंसाको बलि निरन्तर चढ़ाऔं। यो प्रशंसा उहाँको नाउँ स्वीकार गर्ने ओठको फल हो" (हिब्रू १३:१५)।

भजनहरू गाएर पनि हामी परमेश्वरलाई आराधना गर्छौं।

भजनहरू गाएर परमेश्वरलाई आराधना गर्ने बारेमा बाइबलले हामीलाई धेरै बताएको छ। भजन संग्रहको पूरै पुस्तकनै भजनहरूको पुस्तक हो। एउटा भजनमा यसरी लेखिएको छ, "परमप्रभुको निम्ति भजन गाओ, उहाँका नाउँको प्रशंसा गर" (भजन ९६:२)। कलस्सेमा भएको एकलेसियालाई लेख्दा यो खण्ड पौलसको मनमा थियो होला, "परमेश्वरप्रति आफ्नो हृदयमा रहेको कृतज्ञतासाथ भजन, स्तुति, र आत्मिक गान गाओ" (कलस्सी ३:१६)।



परमेश्वरलाई आराधना गर्ने अर्को तरीकाको बारेमा बाइबलले हामीलाई बताउँछः त्यो चाहिँ दिएर हामी उहाँलाई आराधना गर्छौं। हो, दिनुचाहिँ आराधनाको एक कार्य हो। फिलिप्पीको एकलेसियालाई आफूले लेखेको पत्रमा, पौलसले तिनीहरूले पठाएको सहयोगको निम्ति उनी तिनीहरूलाई धन्यवाद दिन्छन्। उनले भने, "मैले पाउनुपर्नेभन्दा बढ़ी नै पाएको छु। इपाफ्रोडिटसद्वारा पठाइदिएका तिमीहरूको मीठो बास्ना भएको, र परमेश्वरलाई मनपर्दो र ग्रहणयोग्य बलिदान पाएर म तृप्त भएको छु" (फिलिप्पी ४:१८)। ख्रीष्टियानहरूले दिएका कारणलेनै खाँचोहरू पूरा हुन्छन्। खाँचोहरू पूरा भएको कारणलेनै मानिसहरूले परमेश्वरको प्रशंसा गर्छन्। "यस सेवाको कामले सन्तहरूको अभाव पूरा हुन्छ। त्यति मात्र होइन, परमेश्वरप्रति धेरै धन्यवादका भावना उर्लेर आउँछन्" (२ कोरिन्थी ९:१२)।

## तपाईंको अभ्यासको निम्ति

**ठीक उत्तरको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।**

**१** आराधना गर्नुको अर्थ

**क**) योग्य कामहरूका निम्ति रूपैयाँ-पैसा दिनु
**ख**) नियमित रूपमा एकलेसिया सेवामा भाग लिनु
**ग**) आदर, सम्मान गर्नु
**घ**) मानिसहरूप्रति दयालु हुनु

**२** एकलेसियाको मुख्य उद्देश्य के हो?

**क**) परमेश्वरको महिमा गर्नु।
**ख**) असल जीवन बिताउनको निम्ति मानिसहरूलाई सहायता गर्नु
**ग**) प्रार्थनाको निम्ति मानिसहरूलाई जम्मा गर्नु।
**घ**) परमेश्वरको बारेमा भजनहरू गाउनु।

**३** तल दिइएकाहरूमध्ये कुनचाहिँ परमेश्वरलाई आराधना गर्ने तरीका होइन?

**क**) परमेश्वरको प्रशंसा गाउनु
**ख**) परमेश्वरको भलाइको प्रशंसा गर्नु
**ग**) परमेश्वरको कामको निम्ति भेटीहरू दिनु
**घ**) भक्तिहीनताको जीवन जिउनु

**४** तलको वाक्यलाई पूरा गर्नुहोस्। ख्रीष्टियानहरूले .......... ...... को बलिदानको भेटी चढाउनुपर्छ। ..............

**५** परमेश्वरलाई प्रशंसा गर्ने केही तरीकाहरूको सूची बनाउनुहोस्। ..................................
..........................................................

हामी यहाँ होशियारी हुनै पर्छ। साँचो आराधना केवल गाउने, प्रार्थना गर्ने र दिने मात्र होइन। यिनीहरू ता हाम्रो आराधनाका बाहिरीय चिन्हहरू मात्र हुन्। साँचो आराधना आत्मिक हुन्छ। हामी ख्रीष्टियान सेवामा गएर गाउन सक्छौं, तर पनि साँचो आराधना चाहिँ नगरेका हुनसक्छौं। येशूले भन्नुभयो, "परमेश्वर आत्मा हुनुहुन्छ, र उहाँका आराधकहरूले आत्मा र सत्यतामा आराधना गर्नुपर्छ" (योआनेस ४:२४)। आराधना भनेको कुनै विधि वा रीति होइन। आराधना आत्मिक हो। "किनकि परमेश्वरलाई आत्मामा पुज्ने र ख्रीष्ट येशूमा गर्व गर्ने र शरीरमा भरोसा नराख्ने साँचो खतना हामी नै हौं" (फिलिप्पी ३:३)। आराधनासँग सम्बन्धित भएका क्रिया-कलापहरूले साँचो आत्मिक आराधनामा हामीलाई अलमल नपारोस्।

**तपाईंको अभ्यासको निम्ति**

**६** तल कोष्ठभित्र दिइएको सबैभन्दा उत्तम उत्तरलाई छान्नुहोस् र दिइएको खाली ठाउँमा लेख्नुहोस्।

**क**) साँचो आराधना ................ हुन्छ।
(आत्मिक) (विधिवत)

**ख**) ख्रीष्टियानहरू .............. द्वारा आराधना गर्छन्।
(पवित्र आत्मा) (नियम र विधि)

## विश्वासीको बप्तिस्मा

उद्देश्य २ *ख्रीष्टियानहरूले किन बप्तिस्मा लिनैपर्छ व्याख्या गर्नुहोस्।*

जब हामी परमेश्वरलाई हाम्रो प्रेम प्रकट गर्छौं, तब उहाँलाई प्रसन्न पार्ने कामहरू हामी गर्छौं। धर्मविधिहरूभन्दा

पनि हाम्रा प्रेम र प्रशंसा, अझै उत्तम कुराहरू हुन्। हामीले गर्नू भनी ख्रीष्टले आज्ञा दिनुभएका यी दुई विधिहरूलाई धर्मविधिहरू भनिन्छ। अहिले हामी *बप्तिस्माको* बारेमा विचार गर्नेछौं।

एक व्यक्ति ख्रीष्टियान भएपछि, आफू ख्रीष्टियान भएको कुरा ऊ अरूहरूलाई पनि बताउन चाहन्छ। बप्तिस्मा यसो गर्ने एक तरीका हो। अक्सर गरेर पास्टरलेनै बप्तिस्माको लागि एक पोखरी वा नदी जस्तो ठाउँको बन्दोबस्त मिलाउँछन्। नयाँ ख्रीष्टियानलाई पानीमा पूरै डुबाइन्छ र फेरि माथि ल्याइन्छ। एक ख्रीष्टियान, बप्तिस्माद्वारा ख्रीष्टको मृत्यु र पुनरूत्थानमा परिचित गराइएको हुन्छ। कलस्सेमा भएको एकलेसियालाई पौलसले यसको व्याख्या गरिदिएका छन्ः

> बप्तिस्मामा तिमीहरू उहाँसँग गाड़िएका थियौ। मरेकाहरूबाट उहाँलाई जीवित पार्नुहुने परमेश्वरको कार्यमा विश्वास राख्नाले यही बप्तिस्मामा तिमीहरू पनि उहाँसँगै जीवित पारियौ। (कलस्सी २:१२)।

हाम्रो पुरानो र पापपूर्ण जीवन गाडिएको छ र अहिले येशू ख्रीष्टमा हामीले नयाँ जीवन पाएका छौं भनी बप्तिस्माद्वारा हामी अरूहरूलाई साक्षी दिन्छौं।



अविश्वासीहरूलाई विश्वासी बनाउनको निम्ति बप्तिस्मा दिने *काम गरिंदैन*। विश्वासविना बप्तिस्माले एक व्यक्तिलाई पापबाट बचाउँदैन। यो जादूगिरी जस्तो कुरा होइन।

शुरूको एकलेसियामा, मानिसहरूले ख्रीष्टमा विश्वास गर्थे र त्यसपछि तिनीहरूलाई बप्तिस्मा दिइन्थ्यो। जब पहिलो पल्ट पवित्र आत्मा एकलेसियामा आउनुभयो, पत्रसले ख्रीष्टमा भएको विश्वासको महत्वपूर्णताको बारेमा प्रचार गरे। "तिनीहरूमध्ये धेरैले वचनमा विश्वास गरे र बप्तिस्मा लिए।" पछि फिलिपले ख्रीष्टको सन्देश सामरियामा पुऱ्याए। बाइबलले बताउँछ, "तर जब तिनीहरूले परमेश्वरको राज्य र येशू ख्रीष्टको नाउँको सुसमाचार सुनाउने फिलिपका कुरामा विश्वास गरे, तब पुरुष र स्त्रीहरूले बप्तिस्मा लिए" (प्रेरित ८:१२)।

नयाँ विश्वासीहरूलाई बप्तिस्मा दिनको निम्ति येशूले हामीलाई आज्ञा गर्नुभएको छ। "यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ" मतियोस २८:१६)। उहाँको आज्ञा पालन गर्नु हाम्रो कर्तव्य हो।

**तपाईंको अभ्यासको निम्ति**

**७** रोमी ६:४ पढ्नुहोस् र तलको खाली ठाउँ भर्नुहोस्:
यसकारण त्यस बप्तिस्माद्वारा हामी उहाँसँगै ...........
..... र जसरी ख्रीष्ट ........ बाट पिताको महिमाद्वारा
........... त्यसैगरी हामी पनि ............. हिँडौं।

**८** तल कोष्ठमा दिइएका उत्तरहरूबाट सबैभन्दा उत्तम उत्तरलाई छान्नुहोस् र खाली ठाउँमा लेख्नुहोस्।

**क**) एकलेसियाले बप्तिस्मा दिन्छ किनभने

..........................................
(यो धर्मविधि हो) (यो ख्रीष्टको आज्ञा हो)

**ख**) कसले बप्तिस्मा लिनुपर्छ?

.........................................
(विश्वासीहरू) (अविश्वासीहरू)

**ग**) बप्तिस्माले ..............................................
(मानिसहरूलाई ख्रीष्टियान बनाउँछ) (ख्रीष्टले गर्नुभएको कार्य देखाउँछ)

## प्रभुको भोज

उद्देश्य ३ *प्रभुको भोजको बाइबल आधारित अर्थको व्याख्या गर्नुहोस्।*

बप्तिस्मा दिनू भनी येशूले एकलेसियालाई आज्ञा गर्नुभयो। तर प्रभुकोभोज पनि पालन गर्नू भनी येशूले हामीलाई आज्ञा दिनुभएको छ। आफ्ना चेलाहरूसँगै खानुभएको अन्तिम भोजमा, येशूले भन्नुभयो, "यो मेरो सम्भनाको निम्ति गर" (१ कोरिन्थी ११:२४)।

बप्तिस्मा जस्तै प्रभुको भोज पनि एक धर्म विधिनै हो। यो जादू होइन। यो रित्तो विधि पनि होइन। जब हामी प्रभुको भोज पालन गर्छौं, हामीले ख्रीष्टलाई सम्मान दिएका हुन्छौं।



जब हामी रोटी र कचौरा बाँड्छौं, ख्रीष्टले हाम्रो निम्ति गर्नुभएको कामलाई हामी देखाउँछौं। पौलसले भनेका छन् कि "उहाँ नआउञ्जेल तिमीहरू प्रभुका मृत्युको घोषणा गर्दछौ"

(१ कोरिन्थी ११:२६)। हामीहरू ख्रीष्टमा एकै हौं भन्ने कुरा हामी यस भोजद्वारा देखाउँछौं। ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो भन्ने कुरा सम्झन यसले हामीलाई सहायता गर्छ।

> 'अनि रोटी लिएर धन्यवाद चढाएपछि, उहाँले भाँचेर तिनीहरूलाई यसो भन्दै दिनुभयो, तिमीहरूका निम्ति दिंएको यो मेरो शरीर हो। मेरा सम्झनामा यो गर्नेगर। अनि त्यसैगरी, खाएपछि कचौरा पनि यसो भन्दै दिनुभयो, 'यो कचौरा तिमीहरूका निम्ति बहाइएको मेरो रगतमा स्थापित गरिने नयाँ करार हो' (लूकास २२:१९-२०)।

ख्रीष्टलाई ग्रहण नगरीकन कुनै पनि व्यक्तिले रोटी र कचौरालाई ग्रहण गर्नुहुँदैन।

यस कार्यमा हामी केवल ख्रीष्टसँग मात्र होइन तर एक अर्कासँग पनि परिचित गरिएका हुन्छौं। प्रभुको भोज एकजनाले मात्र गर्ने कुरा होइन। यसले "ख्रीष्टको शरीरको" एकता देखाउँछ। पौलसले भनेका छन्:

> जुन आशिष्का कचौराको निम्ति हामी आशिष् माग्छौं, के त्यो ख्रीष्टको रगतमा हुने सहभागिता होइन र? र त्यो रोटी, जो हामी भाँच्छौं, के त्यो ख्रीष्टको शरीरमा हुने सहभागिता होइन र? रोटी एउटै हो, यसकारण धेरै भए तापनि हामी एउटै शरीर हौं, किनकि हामी सबै एउटै रोटीबाट खान्छौं (१ कोरिन्थी १०:१६-१७)।

प्रभुको भोजले ख्रीष्टको मृत्यु र एकलेसियाको एकतामा भएको हाम्रो विश्वास देखाउँछ। अनि यसले आफ्नो एकलेसियाको निम्ति येशूको आगमनमा भएको हाम्रो विश्वास पनि देखाउँछ। "उहाँ नआउञ्जेल तिमीहरू प्रभुका मृत्युको घोषणा गर्दछौ" (१ कोरिन्थी ११:२६)।

### तपाईंको अभ्यासको निम्ति

९ तल दिइएकाहरूमध्ये कुनचाहिँ प्रभुको भोजको वास्तविक अर्थ होइन?
  **क**) ख्रीष्टले हाम्रो निम्ति जे गर्नुभयो त्यसको एक नमूना
  **ख**) ख्रीष्टको आगमनमा भएको विश्वासको प्रकट
  **ग**) परमेश्वरबाट क्षमा कमाउने तरीका
  **घ**) विश्वासीहरूको एकताको वर्णन

१० ख्रीष्टियानहरूले पालन गर्ने बप्तिस्मा र प्रभुभोजको सबैभन्दा महत्वपूर्ण कारण के हो?
  **क**) तिनीहरूले ख्रीष्टियानहरूमाथि आशिष ल्याउँछन्।
  **ख**) तिनीहरू धार्मिक विधिहरू हुन्।
  **ग**) तिनीहरू ख्रीष्टद्वारा आज्ञा दिइएका थिए।
  **घ**) तिनीहरूले प्रभुको मृत्युको प्रतिनिधित्व गर्छन्।

एकलेसियाले प्रभुलाई सेवा पुऱ्याउनुपर्छ। यसले प्रभुको आज्ञापालन र उहाँको महिमा गर्नुपर्छ। येशू आफ्नो एकलेसियालाई लिन नआउञ्जेलसम्म यो काम सकिंदैन। उहाँ आउनुभएपछि हामी उहाँसँगै हुनेछौं। त्यसबेलासम्म एकलेसियाले विश्वासी र अविश्वासीहरूलाई परमेश्वरको इच्छा के हो सो देखाउनु आवश्यक छ। एकलेसियाले अविश्वासीहरूलाई साक्षी दिन्छ र विश्वासीहरूलाई सामर्थ्य दिन्छ।

शुरूको एकलेसियाले यी सबै कुराहरू गरेको थियो। प्रेरित २:४६-४७ पढ्दा जहिले पनि मेरो हृदयले ठूलो प्रेरणा पाउँछः

> अनि दिनहुँ एकै मनका भई . . .आ-आफ्ना घरमा एकैसाथ रोटी भाँचेर, तिनीहरू हर्ष र शुद्ध हृदयसाथ सम्मिलित रूपमा भोजन गर्थे। परमेश्वरको स्तुति गर्दै, र सबै मानिसहरूबाट

शुभेच्छा पाउँदै बस्थे। उद्धार पाउनेहरूलाई प्रभुले दिनदिनै तिनीहरूमा बढ़ती गराउनुहुन्थ्यो।

के मेरो ठाउँको एकलेसियाको बारेमा यस्तै भन्नसकिन्छ? के तपाईंको ठाउँको एकलेसियाको बारेमा यस्तै भन्न सक्नुहुन्छ? एकलेसियालाई सहायता पुऱ्याउनको निम्ति परमेश्वरले हामीलाई प्रयोग गर्न चाहनुहुन्छ। हामीले हाम्रो जिम्मेवारी पूरा गरेको उहाँ चाहनुहुन्छ।

हरेक ख्रीष्टियानलाई एकलेसिया चाहिन्छ। "तर हामीचाहिँ एकसाथ भेला हुन नछोड़ौं। तर प्रभुको दिन नजीक आइरहेको तिमीहरूले देखेका हुनाले एउटाले अर्कालाई झन् प्रोत्साहन देओ" (हिब्रू १०:२५)। ख्रीष्टको निम्ति एकलेसिया अति महत्वपूर्ण छ। 'जसरी ख्रीष्टले पनि एकलेसियालाई प्रेम गर्नुभयो, र त्यसको निम्ति आफूलाई अर्पण गर्नुभयो" (एफिसी ५:२५)। हामी *उहाँको* एकलेसियामा हाम्रो जिम्मेवारी पूरा गरौं।



उहाँको एकलेसियाको एक अङ्ग हुन पाएकोमा के तपाईं खुशी हुनुहुन्न र? अब हामी हाम्रो अध्ययनको अन्ततिर आइपुगेका छौं, म आशा गर्छु कि तपाईंले एकलेसियास; अरूहरूलाई ख्रीष्टमा ल्याउने काममा यसको महत्वपूर्णता; तपाईंको निम्ति यसको मूल्य; परमेश्वरको योजनामा यसको भागको बारेमा धेरै बुझ्नुभयो होला। ख्रीष्टको शरीर अर्थात् उहाँको एकलेसियाको निम्ति अहिलेनै

परमेश्वरलाई धन्यवाद दिनुहोस्। तपाईं अझै सक्रिय भएर, उहाँले *आफ्नो* एकलेसियाको निम्ति राख्नुभएको योजनामा तपाईं सम्भागी हुन सक्नको निम्ति परमेश्वरसँग प्रार्थना गर्नुहोस्।

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

१० **ग**) तिनीहरू ख्रीष्टद्वारा आज्ञा दिइएका थिए।

१ **ग**) आदर, सम्मान गर्नु।

२ **क**) परमेश्वरको महिमा गर्नु।

८ **क**) यो ख्रीष्टको आज्ञा हो।
**ख**) विश्वासीहरू
**ग**) ख्रीष्टले गर्नुभएको कार्य देखाउँछ।

३ **ग**) भक्तिहीनताको जीवन जिउनु।

७ गाडियौं, मुर्दा, बौरी उठ्नु, नयाँ जीवनमा।

४ प्रशंसा (आराधना)

६ **क**) आत्मिक
**ख**) पवित्र आत्मा

५ भक्तिको जीवन जिउनु
प्रशंसा गर्नु
प्रार्थना गर्नु
गाऊनु
दिनु

अब तपाईं ५-८ का पाठहरूका निम्ति तपाईंको विद्यार्थी प्रतिवेदन भर्नको लागि तयारी हुनभएको छ। यी पाठहरूलाई दोहोऱ्याउनुहोस् र तपाईंको विद्यार्थी प्रतिवेदनका निर्देशनहरूलाई पालन गर्नुहोस्। तपाईंले आफ्नो उत्तर-पृष्ठ आफ्ना निर्देशककहाँ पठाउनुहुँदा अर्को पाठ्यक्रमको बारेमा पनि सोधी पठाउनुहोस्।

**ब धा इ !**

तपाईंले यो पाठ्यपुस्तक सिध्याउनुभएको छ। यसले तपाईंलाई धेरैनै सहयोग पुऱ्यायो होला भन्ने आशा हामीले राखेका छौं! तपाईंको विद्यार्थी प्रतिवेदनको दोस्रो खण्डलाई भरि उत्तर-पृष्ठ चाहिँ आफ्ना निर्देशककहाँ पठाउन नभुल्नुहोला। सबै उत्तरहरूको जाँच गरिसकेपछि हामी तपाईंलाई प्रमाण-पत्र पठाउनेछौं।

# अन्तिम भनाइ

यो एक विशेष किसिमको पुस्तक हो, किनभने तपाईंको वास्तागर्ने मानिसहरूद्वारा यो लेखिएको छ। संसारका सबै व्यक्तिहरूलाई दुःख दिने खालका धेरै प्रश्नहरू र समस्याहरूका उत्तरहरू यी व्यक्तिहरूले पत्ता लगाएका हुनाले तिनीहरू खुशी छन्। यी आनन्दित व्यक्तिहरू आफूले पत्ता लगाएका उत्तरहरू अरूहरूसँग पनि बाँड्न चाहन्छन् र परमेश्वरले यसो गर्न लगाउनुभएको हो भनी यिनीहरू विश्वास गर्छन्। तिनीहरू विश्वास गर्छन् कि तपाईंले आफ्ना प्रश्न र समस्याका उत्तरहरू भेट्टाउनलाई केही महत्वपूर्ण सूचनाहरू जान्नु आवश्यक छ र यसरीनै तपाईंको जीवनमा उत्तम हुने कुरालाई तपाईं प्राप्त गर्नसक्नुहुन्छ।

यही सूचना तपाईंलाई दिनलाईनै तिनीहरूले यो पुस्तक तयार पारेका हुन्। यी आधारभूत सत्यताहरूमानै यो पुस्तक आधारित छः

१ तपाईंलाई मुक्तिदाताको खाँचो छ। रोमी ३:२३ र इजकिएल १८:२० पढ्नुहोस्।
२ तपाईं आफैले आफैलाई बचाउनसक्नुहुन्न। १ तिमोथियस २:५; योआनेस ४:६ पढ्नुहोस्।
३ सबैले उद्धार पाऊन् भन्ने परमेश्वरको इच्छा छ। योआनेस ३:१६,१७ पढ्नुहोस्।
४ परमेश्वरले येशूलाई पठाउनुभयो र उहाँले आफ्नो जीवन सबैको लागि दिनुभयो र उहाँमा विश्वास गर्ने सबैले मुक्ति पाउँछन्। गलाती ४:४,५; १ पत्रस ३:१८ पढ्नुहोस्।
५ बाइबलले हामीलाई उद्धारको बाटो र ख्रीष्टियान जीवनमा कसरी वृद्धि हुनुपर्छ सो सिकाउँछ। योआनेस १५:५; १०:१०; २ पत्रस ३:१८ पढ्नुहोस्।

६ तपाईंले आफ्नो अनन्त स्थानको निर्णय आफै गर्नुहुन्छ। लूकास १३:१-५; मतियोस १०:२३-३२; योआनेस ३:३५,३६ पढ्नुहोस्।

तपाईंले आफ्नो अनन्त स्थानको कसरी निर्णय गर्नुपर्छ भन्ने कुरा यस पुस्तकले बताउँछ। आफ्नो निर्णय बताउनसक्ने मौका पनि यसले तपाईंलाई प्रदान गर्छ। यो पुस्तक अरू पुस्तकहरूभन्दा पनि फरक छ, किनभने यस पुस्तक तयार पार्ने व्यक्तिहरूलाई तपाईं भेट्न सक्नुहुन्छ। यदि तपाईं कुनै प्रश्नहरू सोध्न चाहनुहुन्छ वा आफ्नो खाँचो वा विचारहरू व्यक्त गर्न चाहनुहुन्छ भने ती कुरा पत्रमा लेखेर अवगत गराउनसक्नुहुन्छ।

यस पुस्तकको अन्तमा तपाईंले एउटा कार्ड पाउनुहुन्छ जसलाई *निर्णय प्रतिवेदन र निवेदन कार्ड* भनिन्छ। तपाईंले निर्णय बनाइसक्नुभएपछि, कार्डलाई भर्नुहोस् र निर्देशन दिइएअनुसार हुलाकबाट पठाउनुहोस्। त्यसपछि तपाईंलाई अझै सहायता पुऱ्याइने छ। तपाईंले प्रश्नहरू सोध्न वा प्रार्थनाको निवेदनहरू पठाउनको लागि पनि यस कार्डलाई प्रयोग गर्नसक्नुहुन्छ।

यदि यस पुस्तकमा कार्ड संलग्न गरिएको छैन भने तपाईंको आई. सी. आई. निर्देशकलाई पत्र लेख्नुहोस् र तपाईंले व्यक्तिगत रूपमा जवाफ पाउनुहुनेछ।

.....................................................................................................................................

यसलाई यहाँ काट्नुहोस् र उत्तर पृष्ठहरूको साथसाथै आफ्नो आई. सी. आई. निर्देशककहाँ पठाउनुहोस्।

## निर्णय प्रतिवेदन र निवेदन कार्ड

यस पाठ्यक्रमको अध्ययनपछि .................... मैले येशू ख्रीष्टलाई मेरा मुक्तिदाता र प्रभुको रूपमा ग्रहण गरेको छु। मैले आफ्नो नाम र सहि सहित यस कार्डलाई तपाईंको आई. सी. आई. कार्यालयमा पठाउनुका दुई कारणहरू छन्। पहिलो कारणचाँहि मैले ख्रीष्टमा विश्वास र समर्पण गरेको छु भन्ने साक्षी दिन र दोस्रो चाँहि मेरो आत्मिक जीवनमा अझै सहयोग पुऱ्याउनको निम्ति आवश्यकीय ख्रीष्टियान पत्र पत्रिकाहरू प्राप्त गर्नको लागि हो।

विद्यार्थी संख्याः ................

नामः ............................

ठेगानाः ........................

सहिः ............................

# एकलेसिया

के तपाई जान्न चाहनुहुन्छ . . .

- एकलेसियाको निम्ति परमेश्वरको योजना?
- कसरी तपाई परमेश्वरको एकलेसियाको अङ्ग बन्नसक्नुहुन्छ?
- एकलेसिया कसरी शरीरजस्तै छ?

यदि त्यसो हो भने, *ख्रीष्टिय एकलेसिया (चर्च)* भनिने यो पुस्तक तपाईकै निम्ति लेखिएको हो। यसमा प्रस्तुत गरिएका विषयहरूले ख्रीष्टको शरीर अर्थात् उहाँको एकलेसियामा तपाईको कस्तो स्थान छ सो बुझ्न तपाईलाई सहायता पुऱ्याउँछन्।

यस पुस्तकले स्वयम्-शिक्षण प्रणालीलाई प्रयोग गरी यसको अध्ययनलाई चाखलाग्दो बनाएको छ। यस स्वयम्-शिक्षण प्रणालीबाट तपाई सजिलैसंग सिकनसक्नुहुन्छ। तपाईले यसका निर्देशनहरूलाई पालन गर्नुहोस्, र आफ्नो अध्ययन-क्रमलाई अगाडि बढाउनुहोस्।

*ख्रीष्टिय एकलेसिया (चर्च)* भनिने यस पाठ्यक्रम खण्ड १ को छैटौं पाठ्यपुस्तक हो। तपाईले यी पाठ्यपुस्तकहरूलाई क्रमिक रूपमा अध्ययन गर्नुहुँदा बढी फायदा उठाउनसक्नुहुनेछ।

I

6